# खपको पहिचान

## कक्षा ४



स्थानीय पाठ्यक्रम

**भक्तपुर नगरपालिका**

स्थानीय पाठ्यक्रम (परिमार्जित)

२०८२



बाह्रा तयेगु संस्कारमा बाह्रा पिकायेगु गरिंदै



बाह्रा तयेगु संस्कारमा सूर्यदर्शन गर्दै

# भक्तपुर नगरपालिका

## स्थानीय पाठ्यक्रम (परिमार्जित)

२०८२

# खपको पहिचान

## आधारभूत शिक्षा

## कक्षा ४

**प्रस्तुतकर्ता**

स्थानीय पाठ्यक्रम निर्माण तथा परिमार्जन कार्यदल :

१. योगेन्द्रमान बिजुक्छें

२. सिद्धिरत्न शाक्य

३. उद्धव सुजखु

४. रोशनराज तुइतुईं

५. राजेन्द्रप्रसाद श्रेष्ठ

**प्रकाशक**
भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

**ले–आउट**
दत्तात्रय डिजाइन एण्ड प्रि–प्रेस
भक्तपुर, ९८४९६८४८०१

**सर्वाधिकार © : प्रकाशकमा निहित**
दोस्रो संस्करण : वि.सं. २०८२
प्रथम संस्करण : वि.सं. २०७८

**मुद्रण**
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

---

कभर फोटो : म्हःपूजा गरिँदै

| क्षेत्र | शीर्षक | पृष्ठ |
|---|---|---|
| क्षेत्र १ | ख्वप देको चिनारी | १ |
| क्षेत्र २ | ख्वपको इतिहास | २ |
| क्षेत्र ३ | स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ४ |
| | (क) ख्वपमा पाइने थरहरू | ४ |
| | (ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | ४ |
| | (ग) भाषिक विवरण | ६ |
| क्षेत्र ४ | स्थानीय बोलीचाली र लिपि | ७ |
| | (क) स्थानीय बोलीचाली र लिपि | ७ |
| | (ख) प्रचलित लिपि र रञ्जना लिपि | ८ |
| क्षेत्र ५ | व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा | ११ |
| क्षेत्र ६ | स्थानीय विविध संस्कृति | १३ |
| | (क) माँबौया ख्वा स्वयूगु (आमाबाबुको मुख हेर्ने) | १३ |
| | (ख) स्वन्ति नखः (तिहार) | १५ |
| क्षेत्र ७ | प्रचलित स्थानीय संस्कार | १९ |
| | (क) माघे सङ्क्रान्ति | १९ |
| | (ख) गुफा राख्ने | २१ |
| क्षेत्र ८ | स्थानीय कला र सम्पदाहरू | २२ |
| | (क) स्थानीय मन्दिरहरू | २२ |
| | (ख) लोप भैसकेका तथा लोप हुन लागेका स्थानीय नाचहरू | २४ |
| | (ग) स्थानीय बहा (विहार) | २६ |
| | (घ) स्थानीय मस्जिद | २७ |
| क्षेत्र ९ | स्थानीय व्यवसाय, सीप र प्रविधि | २८ |
| | (क) व्यवसाय | २८ |
| | (ख) बुनाइ | २९ |
| | (ग) बेमौसमी तथा सघन खेती | २९ |
| | (घ) खाद्य परिकार | ३० |
| | (ङ) सीप | ३१ |
| क्षेत्र १० | स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | ३२ |
| क्षेत्र ११ | स्थानीय खेल | ३३ |
| क्षेत्र १२ | स्थानीय पर्यटन | ३४ |
| निरन्तर मूल्याङ्कन प्रणाली | | ३५ |

स्वय नगरपालिका

# भक्तपुर नगरपालिका

BHAKTAPUR MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

ब्यासी, भक्तपुर

BYASI, BHAKTAPUR

बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०८२

चलानी नं. : २५२

मितिः- २०८२।५।१२

## नगर प्रमुखको भनाइ

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारअनुसार वि.सं २०७५ सालदेखि २०७८ सालसम्म प्रत्येक वर्ष दुई दुई वटा कक्षाहरूको पाठ्यक्रम तयार गरी चार वर्षमा कक्षा १ देखि ८ सम्म नगरका ९२ वटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गऱ्यौं । स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्ताका बालबालिकाहरूलाई भक्तपुरको विशेषता र पहिचानकाबारे अवगत गराउने हाम्रो उद्देश्य हो । भक्तपुर नगर प्राकृतिक रूपमा धनी नभए पनि आफ्नै मौलिक संस्कृति, सम्पदा, परम्परागत ज्ञान, सीप र सभ्यतामा अब्बल छ ।

पाठ्यक्रम लागु भएको विगतका केही वर्षमा प्रत्यक्ष अनुभव हुनेगरी विद्यालयमा पढ्ने बालबालिकाहरूमा आफ्ना संस्कृति, सम्पदा र परम्पराकाबारेमा चासो बढेको र यसलाई आत्मसात गर्न थालेको कुरा गत वर्ष मंसिर २८ गतेदेखि पुस २ गतेसम्म सम्पन्न पाँच दिने भक्तपुर महोत्सवले पनि पुष्टि गरिसकेको छ । जन्मदेखि मृत्यु पर्यन्त नेवारी संस्कारगत क्रियाकलापको प्रदर्शनीमा विद्यालयमा पढ्ने बालबालिकाको सहभागिताले यसलाई पुष्टि गर्‍यो । हाम्रो आफ्नै सम्पदा र जीवनशैलीका बारेमा उनीहरूमा थप कौतुहलता स्थानीय पाठ्यक्रमको पठनपाठनले जगाईदिएको छ । विभिन्न अन्य पालिकहरू पनि हाम्रो यस प्रयासका बारेमा चासो राख्दै स्थानीय पाठ्यक्रम निर्माण गर्न उत्साहित भए । यसमा हामी सबै खुशी छौं ।

समय समयमा पाठ्यक्रमलाई परिमार्जन पनि गनुपर्ने मान्यताअनुसार विभिन्न सुझावहरू पनि हामीले प्राप्त गर्यौं । ती सुझावलाई केलाउँदै हामीले पाठ्यक्रम निर्माण कार्यदलका साथीहरूसंग निरन्तर छलफल पनि गर्यौ र आवश्यक परिमार्जनका लागि सोही कार्यदललाई परिमार्जनका लागि पहल गर्न जिम्मेवारी दियौं । करिब ९ महिनाको निरन्तर प्रयासमा कार्यदलले हामीलाई परिमार्जित पाठ्यक्रमको मस्यौदा बुझायो र त्यसमा आवश्यक छलफल र पृष्ठपोषणसहित हामीले यसलाई अन्तिम चरणमा पुऱ्यायौं । परिमार्जन गर्ने कार्यदलका साथीहरु, स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरू तथा लागु गर्न सहजीकरण गर्ने सबै प्रधानाध्यपकहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछौं । पहिलेका वर्षहरूमा जस्तै यसको पठन-पाठनलाई अझ व्यवस्थित रुपमा अगाडि लैजान सबै सरोकारवालाहरुले आआफ्नो स्थानमा रहेर सकारात्मक भूमिका खेल्नुहुनेछ भन्ने आशा गर्दछौं ।

२०८२।५।१२

सुनिल प्रजापति

प्रमुख

प्रमुखः ६६१००९६, उपप्रमुखः ६६२०६७०, प्रशासन शाखाः ६६१३९५७, प्रमुख प्रशासकीय अधिकृतः ६६१००७६, लेखा शाखाः ६६१२७२१, योजना शाखाः ६६१४८१३
ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेभसाईट :- www.bhaktapurmun.gov.np

# हाम्रो भनाइ

पाठ्यक्रम निर्माणको प्रक्रियामा पाँच वर्षमा परिमार्जन र दश वर्ष पश्चात् परिवर्तन गरिनुपर्ने मान्यता रहिआएको छ । भक्तपुर नगरपालिकाद्वारा निर्मित यस स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' निर्माणको शुरुवातको वर्ष वि.सं. २०७५ थियो । सो वर्ष कक्षा १ र ६ को, दोस्रो वर्ष २०७६ मा कक्षा २ र ७, तेश्रो वर्ष २०७७ मा कक्षा ३ र ८ तथा चौंथो वर्ष २०७८ मा कक्षा ४ र ५ को पाठ्यक्रम तयार गरी सो चौंथो वर्षमा कक्षा १ देखि ८ सम्म पूर्ण लागुसमेत भएको सर्वविदितै छ । पाठ्यक्रम निर्माणको पहिलो वर्ष २०७५ सालबाट गणना गर्दा पाठ्यक्रम लागु भएको ७ वर्ष तथा चौंथो वर्ष २०७८ बाट गणना गर्दा ४ वर्ष पूरा भइसकेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम लागु भएको वर्षदेखि नै पाठ्यक्रमका विविध पक्षका बारेमा निर्माण कार्यदलले पनि निरन्तर अध्ययन गर्दै आयौं । अपेक्षा अनुसार परिमार्जन गर्दा ध्यान दिनुपर्ने विभिन्न विषय तथा सुझावहरु समेत निरन्तर प्राप्त गर्दै आयौं । विशेषतः कक्षामा पढाउने शिक्षकहरुबाट पाठ्यक्रममा गरिनुपर्ने सुधारका बारेमा गहकिलो सुझावहरु प्राप्त भयो । देशभरिमा नै पालिकास्तरमा पहिलोपल्ट लागु भएको स्थानीय पाठ्यक्रको पठनपाठन कसरी भइरहेको छ भन्ने बारेमा नगरपालिका स्वयं पनि चनाखो रह्यो । पठनपाठन सहज होस् भन्ने उद्देश्यले नगरपालिकाले दुई विज्ञहरुलाई कक्षा अवलोकन र अनुगमनको व्यवस्था पनि गऱ्यो ।

पाठ्यक्रम लागु भएको २/३ वर्षमै आफ्ना नानीहरुले स्थानीय सम्पदा र संस्कृति सम्बन्धी चासो राख्न थालेका कुराहरुलाई धेरै अभिभावक, जनप्रतिनिधि तथा शिक्षकहरुले सकारात्मक रुपमा लिएको बुझियो । यसका साथै नैतिक शिक्षा तथा व्यवहारजन्य सीप र ज्ञानका बारेमा पनि पाठ्यक्रममा समावेश गरिनुपर्ने सुझाव निरन्तर आइरह्यो । कुनै विषयवस्तुहरु तल्लो कक्षाबाट माथिल्लो कक्षामा राखिनुपर्ने र कुनै माथिल्लोबाट तल्लो कक्षामा लैजानुपर्नेदेखि लिएर पाठ्यपुस्तकको व्यवस्था गरिए पठन–पाठन सहज हुने सुझावहरु निरन्तर प्राप्त भइरह्यो । यी यावत् सल्लाह र सुझावहरुलाई कार्यदलले नगरपालिकको शिक्षा समितिमा  जानकारी गरायो । शिक्षा समितिले यस विषयमा आवश्यक छलफल गरी पाठ्यक्रम परिमार्जनका लागि निर्माण कार्यदललाई नै जिम्मा लगायो ।

पाठ्यक्रम परिमार्जनका प्रक्रियाहरुको मान्यतालाई अनुसरण गर्दै पाठ्यक्रमले लिएका उद्देश्य अनुरुप विद्यार्थीहरुले ख्वपका बारे हासिल गरेका आधारभूत ज्ञानको तह थाहा पाउन कार्यदलले विगत ५/६ वर्षदेखि स्थानीय पाठ्यक्रमको अध्ययन गरेका आठ कक्षाका विद्यार्थीहरुमध्ये करिब २५ प्रतिशतलाई उपलब्धि परीक्षण (Achievement Test) २०८१ पुस महिनामा सम्पन्न गरी प्राप्त तथ्यहरुको विश्लेषण गरियो । साथै, सो विश्लेषणलाई नगरपालिका शिक्षा समिति, पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरु, जनप्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरु माझ प्रस्तुत गरी छुट्टाछुट्टै छलफल तथा परामर्श बैठकहरु गरी सुझाव सङ्कलनसमेत गरियो । यी नै सुझावहरुका आधारमा फागुन/चैत्र देखि परिमार्जन कार्यलाई सघन रुपमा अगाडि बढाइयो र परिमार्जित पाठ्यक्रमको पहिलो मस्यौदा नगरपालिकालाई श्रावण महिनामा बुझाइयो । नगर कार्यपालिकाबाट परिमार्जित पाठ्यक्रम सुझावसहित श्रावण महिनामै अनुमोदन भयो ।

परिमार्जित पाठ्यक्रमका विशेषताका बारेमा भन्नुपर्दा 'व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा' नामक नयाँ एकाइ थप गरी १२ एकाइ पुऱ्याइएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७८ अनुरुप कक्षा १ देखि ३ सम्म परिवर्तित निरन्तर मूल्याङ्कन (CAS) प्रणाली तथा कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मकको व्यवस्था गरिएको छ ।

वागमती प्रदेशले नेपालभाषा र तामाङ्ग भाषालाई सरकारी कामकाजी भाषाको मान्यतासमेत दिइसकेको तथा ख्वपका विद्यालय र कलेजहरुमा तामाङ्ग भाषाभाषी विद्यार्थीहरुको सङ्ख्या बढ्दै गएको तथ्यलाई मनन गरी स्थानीय केटाकेटीहरुले पनि तामाङ्ग भाषाका सामान्य बोलीचालीका शब्द र वाक्यहरु सिकून् भन्ने उद्देश्यले कक्षा ६ देखि ८ सम्म चौंथो एकाइमा स्थानीय नेपालभाषासँगै तामाङ्ग भाषालाई पनि समावेश गरिएको छ । कक्षा १ देखि ८ सम्मका पाठ्यभार तथा मूल्याङ्कन ढाँचा लेटर ग्रेडिङ पद्धति २०७८ अनुसार मिलाइएको छ । पाठ्यक्रमको आधारमा पठनपाठन गर्न सहज बनाउन परिमार्जित पाठ्यक्रममा सम्भावित शिक्षण सिकाइलाई केही विस्तृत बनाइएको छ भने नयाँ सन्दर्भ सामग्री भाग ४ र ५ को प्रकाशन तथा भक्तपुर नगरपालिकाको मासिक प्रकाशन भक्तपुर मासिकमा छापिएका विभिन्न आलेखहरुको सङ्ग्रहसमेत छुट्टै प्रकाशनले शिक्षकहरुलाई पर्याप्त सन्दर्भ सामाग्री उपलब्ध हुने विश्वास लिएका छौं ।

अन्तमा, पाठ्यक्रम परिमार्जनको कार्यमा सहयोग गर्नुहुने शिक्षकहरु, जनप्रतिनिधिहरु लगायतका अन्य सरोकारवालाहरुलाई परिमार्जन कार्यदल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । सन्दर्भ सामाग्रीका लागि पाठ्यक्रमसँग सम्बन्धित विविध विषयहरुमा आलेखहरु लेखी सहयोग गर्नुहुने सबै विद्वत वर्गहरु, तामाङ भाषाको लागि सहयोग गर्नुहुने शिक्षक राजु तामाङ र आलेख सङ्कलन र टाइपिङ्ग गरी यस कार्यमा सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरु, लेआउट डिजाइनमा सहयोग गर्नुहुने रश्मी खागी, कार्यदलको सचिवालयको लागि स्थान उपलब्ध गराई कम्प्युटर, प्रिन्टर, छपाइ तथा मसलन्द सामग्रीको व्यवस्था र अन्य आवश्यक सहयोग गर्नुभएकोमा विद्यार्थी निकेतन मा.वि. तथा शारदा मा.वि.लगायत सबैमा साधुवाद ।

स्थानीय पाठ्यक्रम परिमार्जन कार्यदल
भक्तपुर नगरपालिका
श्रावण, २०८२

# भूमिका
## (पहिलो संस्करण २०७८)

हामी भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण अभियानको पाचौं बर्ष र कार्यान्वियनको चौथौं वर्षमा आइपुगेका छौं। यस बर्ष २०७८ सालमा कक्षा ४ र ५ को 'ख्वप पहिचान' तपाईहरुको हातमा पुऱ्याउने कार्यले साकार रुप लिएको छ। संसारको हरेक देश र क्षेत्रलाई नराम्ररी गाँजेको कोभिडको महामारीले यस पाठ्यक्रम निमार्णको कार्यलाई पनि नराम्ररी थलापारेको थियो। २०७४ माघ २३ मा गठित कार्यदलको कार्यहरु जुन गति र लयमा अगाडि बढिरहेको थियो, कोभिड महामारीकै कारण त्यसमा ब्रेक लाग्नपुग्यो। एकातिर, बन्दाबन्दीको कारणले भौतिक रुपमासँगै बसेर गम्भिर रुपमा छलफल गरी कार्यसम्पादन गर्न सकस र अर्कोतिर भौतिक रुपमा विद्यालयहरु सञ्चालन हुन नपाउँदा तयार भएको पाठ्यक्रमलाई कार्यान्वियन गर्न पनि जटिल। यद्यपि, हामी ४ र ५ कक्षाको पाठ्यक्रम तयार गरी प्रस्तुत गर्न सफल भयौं।

कक्षा, १, २, ३, ६, ७ र ८ कक्षाहरुमा एघारै एकाईमा समावेश हुन बाँकि बिषयवस्तुहरुलाई ४ र ५ मा समावेश गरिएको छ। सामान्यतया धेरैले चासो नराख्ने तर मह¨वपूर्ण तथ्य जस्तै भक्तपुर र सिम्रौनगढको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक र बौद्धिक सम्बन्ध, मूर्त सम्पदामध्ये फल्चा (पाटि), बहा र मस्जिद, बौद्धमार्गीहरुमा दशैंको अथवा मोहनीको परम्परा, बयोबृद्धलाई गरिने सन्मान जंको अथवा भीम रथारोहणको संस्कार, श्री पञ्चमी र सरस्वती पूजा जस्ता परम्परा र संस्कारहरुलाई समावेश गरिएको छ। तर यी नेवार संस्कृतिको मह¨वपूर्ण परम्परा र संस्कारमा भएका अन्धविश्वास र कूरीतिलाई हताउने र त्यसमा अन्तरनिर्हित बैज्ञानिक तथ्यलाई उजागर गर्ने समेत प्रयास गरिएकोछ।

बिना पाठ्यपुस्तक पठनपाठन गर्नुपर्दा कक्षाकोठामा शिक्षकले भोग्नु पर्ने समस्यालाई सहजिकरण गर्न यस पाठ्यक्रमको कार्यान्वयनको साथसाथै 'ख्वप पहिचान – ३' सन्दर्भसामाग्रीको पनि तयारी भई छिटै प्रकाशित हुने सर्हष जानकारी गराउँदछौं। यस ४ र ५ कक्षाको पाठ्यक्रम निमार्ण कार्यान्वयनको साथसाथै स्थानीय निकायले कक्षा १ देखि ८ सम्मका कक्षाहरुमा स्थानीय पाठ्यक्रम निमार्ण गरी पठनपाठन गराउन सकिने राष्ट्रिय पाठ्यक्रमको प्रारुप र ढाँचामा भएको ब्यबस्था बमोजिम भक्तपुर नगरपालिकामा आधारभूत तहमा स्थानीय पाठ्यक्रमको पठनपाठनले एउटा चरण पार गरेको छ। निःसन्देह भक्तपुर नगरपालिका स्थानीय पाठ्यक्रम निमार्ण गरी कार्यान्वयन गर्ने नेपालको पहिलो नगरपालिका हुनसकेकोमा हामी सबै भक्तपुरबासीको लागि गर्वको बिषय बनेको छ। अझ यो भन्दा सुखद कुरा भनेको नेपालको अन्य धेरै स्थानीय निकायहरुलाई आफ्नो स्थानीय बिशेषता प्रति सचेत र गर्व गर्न सिकाएकोछ। त्यस्तै, नेपाल जस्तो भौगोलिक, सांस्कृतिक, सामाजिक र धार्मिक रुपले विविधता रहेको देशमा राष्ट्रिय पाठ्यक्रमले समेत्न नसकेका र केन्द्रीय राज्यबाट उपेक्षित भएका अल्याख स्थानीय मूर्त र अमूर्त सम्पदा र परम्परा तथा संस्कारहरुको पहिचान र उजागर हुने कार्यमा देशभर निमार्ण हुँदै गरेका स्थानीय पाठ्यक्रमले टेवा पुऱ्याएको छ।

भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम निमार्णको यस उदाहरणीय र पायोनियरिगि कार्यमा यस कार्यदललाई यहाँका शिक्षक, प्रधानाध्यापक, विद्यालय परिवार, बुद्धिजीवि, पत्रकार, लेखक, अभिभावक, जनप्रतिनिधि, सांस्कृतिकर्मीहरु, सम्पदाविद्हरु, राजनीतज्ञहरु तथा अन्य सामाजिक अभियन्ता र सरोकारवालाहरुले पुऱ्याउनुभएको सहयोग र सदभावको जति सह्राना गरेपनि कमै हुन्छ।

विगत चार बर्षको अवधिमा कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम निमार्णको मह¨वपूर्ण चरण पार भइसकेको सन्दर्भमा पाठ्यक्रम निर्माण र त्यसमा सुधार, परिमार्जन र परिर्वतनको विश्वब्यापी मान्यता अनुसार आगामी दिनहरुमा यी पाठ्यक्रमहरुमा हुने परिमार्जन तथा पुनर्लेखन र परिवर्तनमा पनि सबै सरोकारवालाहरुको सहयोग र सद्भावको कार्यदल अपेक्षा गर्दछ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
भक्तपुर नगरपालिका
२०७८

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक
तह : आधारभूत शिक्षा तह

पूर्णाङ्क : १००
उत्तीर्णाङ्क :
प्रतिहप्ता पाठघण्टी : ४ जम्मा पाठघण्टी : १२८

**पाठ्यक्रम परिचय**

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझाबअनुसार स्थानीय विषयवस्तुहरू समावेशगरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ । यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले "ख्वपको पहिचान" नामकरण गरी तयार पारिएको छ । ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस् भन्ने लक्ष्य लिई यसअन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू : ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, व्यावहारिक शिक्षा, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रत्येक क्षेत्रमा समावेश गरिएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाइ गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ । यसमा परम्परागत शिक्षण विधिभन्दा बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइ सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

**साधारण उद्देश्य**

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाइपछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू (स्थानीय पक्षहरू) मा सक्षम हुनेछन् :

१. ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न ।
२. ख्वपको इतिहासको वर्णन गर्न ।
३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न ।
४. प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न
५. दैनिक जीवनमा आइपर्ने व्यवहारजन्य तथा शील-स्वभावजन्य व्यवहार प्रदर्शन गर्न ।
६. स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न ।
७. प्रचलित स्थानीय संस्कारहरूको महत्त्व बताउन ।
८. स्थानीय कला र सम्पदा पहिचान गर्न ।
९. स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न ।
१०. स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन ।
११. परम्परागत स्थानीय खेलहरू खेल्न ।
१२. पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न ।

# स्थानीय पाठ्यक्रम

शीर्षक : ख्वपको पहिचान | पूर्णाङ्क : १००
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | प्रतिहप्ता पाठघण्टी : ४
कक्षा : चार | जम्मा पाठ घण्टी : १२८

**परिचय**

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १-८) को कक्षा ४ को लागि तयार गरिएको स्थानीय पाठ्यक्रमको एक अंश हो । यसमा राष्ट्रिय पाठ्यक्रमले नसमेटिएका स्थानीय विषयवस्तुहरू उल्लेख गरिएको छ । यस पाठ्यक्रममा रहेका विषयवस्तुहरूले भक्तपुर नगरको पहिचान तथा यहाँको कलासांस्कृतिको जानकारीको साथसाथै स्थानीय स्तरका विभिन्न पक्षहरूको ज्ञान सीप र धारणाको विकास गराई आफू भक्तपुर नगर भित्र रहकोमा गर्व भएको महसुस गराउँछ ।

यस पाठ्यक्रममा ख्वपको भौगोलिक र भौगर्भिक अवस्था, नेपालमण्डललाई निरन्तर बाह्य आक्रमण हुनुको कारण, स्थानीय संस्कृतिहरू, र संस्कारहरू साथै स्थानीय बहा बही र मस्जिद समावेश गरिएका छन् । त्यसैगरी स्थानीय सीप, प्रविधि र व्यवसायहरू, विशिष्ट व्यक्तित्वहरू, नैतिक आचरण तथा व्यक्तिगत कार्य, घरायसी जोखिम व्यवस्थापन, वातावरण प्रदूषण, स्थानीय मन्दिर तथा नाचहरू, स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि, रैथाने खेलहरू तथा पर्यटन जस्ता विषयवस्तुहरू समेटिएका छन् । यस पाठ्यक्रमको मुख्य विशेषता भन्नु नै विषयवस्तुहरूलाई प्रयोगात्मक रूपमा व्यावहारिक पक्षलाई ध्यान दिनु हो । यस पाठ्यक्रम अध्यापन गराउँदा विद्यार्थी केन्द्रित भई अवलोकन, परियोजना कार्य दिने तथा विद्यार्थीहरूले आफै अनुभव गर्ने, र संलग्न हुने क्रियाकलाप सञ्चालन गर्दा उपयुक्त हुनेछ । यसले विषयवस्तुभन्दा अवधारणालाई जोड दिएको छ । यस पाठ्यक्रमले विद्यार्थीहरूमा स्थानीय विभिन्न परम्परागत शैलीलाई विज्ञानसँग जोड्ने र प्रकृति समाज अनुकूल परिवर्तन गर्न सहयोग मिल्नेछ । यस पाठ्यक्रमको कक्षागत सक्षमता निम्नअनुसार रहेको छ ।

**कक्षागत उद्देश्यहरू**

कक्षा चारको अध्ययन पूरा गरेपछि ख्वपको पहिचान विषयमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. ख्वप दे वरिपरि अवस्थित अन्य नेवार बस्तीहरूको भौगोलिक अवस्था बताउन ।
२. मध्यकालमा नेपालमण्डलको राजधानीको रूपमा विकसित ख्वप देको बौद्धिक, शैक्षिक तथा व्यापारिक केन्द्रको रूपमा विकास भएको बताउन ।
३. ख्वप देमा रहेका रैथाने नेवार जातिका थरहरूको शाब्दिक अर्थ बताउन ।
४. ख्वप देका विभिन्न क्षेत्रमा योगदान गरेका विशिष्ट व्यक्तित्वहरूको परिचय दिन ।
५. आफ्ना आमा-बुबाको गुण स्मरण गर्न ।
६. मौलिक पहिचान भएको स्वन्ति नखा मनाउनाले आफ्नो पहिचान जोगिने कुरा बताउन ।
७. व्यक्तिगत कार्य तथा नैतिक आचरण प्रस्तुत गर्न ।
८. घरायसी जोखिम व्यवस्थापन र वातावरण प्रदूषण कम गर्न ।
९. रैथाने भाषामा मानिसहरूको बानी, व्यवहार, स्वभाव, शारीरिक र मानसिक अवस्था जनाउने शब्दहरूको अर्थ बताउन ।
१०. स्थानीय नेपालभाषाबाट पत्रपत्रिकाबारेमा कुराकानी गर्न ।
११. रञ्जना लिपिको विशेषता बताउन र लिपि लेख्ने कलमको निर्माण गर्न ।
१२. स्थानीय मन्दिर, बहा, मस्जिद र तिनको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूको वर्णन गर्न ।
१३. माघे संक्रान्ति र गुफा राख्ने संस्कृतिको परिचय दिन ।
१४. स्थानीय नाचहरू, दरबारहरूको परिचय दिन ।
१५. स्थानीय व्यवसायहरुको परिचय दिन ।
१६. तानबाट कपडा बुन्ने विधि र गलैंचा तयार गर्ने विधि बताउन ।

१७. बेमौसमी खेतीको परिचय बताउन ।
१८. लाखामरी, सयगुली बनाउने विधि बताउन ।
१९. चंगा र कागजको फ्रेम बनाउन ।
२०. विशिष्ट अवस्थामा प्रयोग हुने जडीबुटीको सूची बनाउन ।
२१. प्राकृतिक र आयुर्वेदिक उपचार पद्धतिको परिचय दिन ।
२२. ध्यान र योगको सामान्य प्रयोग गर्न ।
२३. स्थानीय खेलहरू खेल्न ।
२४. पर्यटकसँग आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध देखाउन ।

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१. ख्वप दे (भक्तपुर नपा) को चिनारी** | १. भक्तपुर जिल्लाको भौगोलिक अवस्थिति बताउन । | (क) नेपालको नक्सामा भक्तपुर जिल्लाको अवस्थिति पहिचान ।<br><br>(ख) बागमती प्रदेशको १३ जिल्लामध्येको एक जिल्लाको रुपमा प्रस्तुत । | ❑ चार दिशाको बारे जानकारी दिँदै, नेपालको सिङ्गो नक्सामा सातै प्रदेशको पहिचान गराउने ।<br>❑ सात प्रदेशमध्ये बागमती प्रदेशको पहिचान गराउँदै यसका चारै दिशामा अवस्थित अन्य प्रदेश वा अन्य स्थानको पहिचान गराउन विभिन्न क्रियाकलाप गराउने ।<br>❑ नेपालको सातै प्रदेश अङ्कित आउटलाइन नक्साबाट सातै प्रदेश अलग-अलग काटी जोड्न लगाउने ।<br>❑ वागमती प्रदेशका १३ वटै जिल्लाको पहिचान गर्न लगाई स्वनिगः र भक्तपुरको पनि पहिचान गर्न लगाउने ।<br>❑ स्वनिगःका तीन सहरहरूको क्षेत्रफल तुलना गर्न लगाउने । | - नेपालको सातै प्रदेश अङ्कित आउटलाइन नक्सा<br>- बागमती प्रदेश र भक्तपुरको छुट्टै नक्सा । | १. ख्वप देको भौगोलिक अवस्थिति बताउनुहोस् ।<br><br>२. बागमती प्रदेशको नक्सा कोरी स्वनिग र ख्वप अङ्कित गर्नुहोस् । | ५ |
| | २. भक्तपुर जिल्ला र भनपा (ख्वप देको) को भौगोलिक र भौगर्भिक अवस्था बताउन । | ख्वप देको भौगोलिक र भौगर्भिक स्वरुप र संरचनाबारे जानकारी । | ❑ पृथ्वीको भू-सतह एक समानको नहुने, ती भू-सतह कुनै अग्लो, होचो वा समथर हुने जानकारी गराउने ।<br>❑ हिमाल, पहाड, चुरे भावर र तराई अङ्कित नक्सा देखाई पृथ्वीको भू-सतह समान नहुने चर्चा गर्ने ।<br>❑ आफ्नो घर वा विद्यालयबाट कुन ठाउँ अग्लो वा होचो छ भनी पहिचान गर्न लगाउने । उदाहरणको लागि गोलमढीबाट याता, हनुमानघाट होचो र भोलाछे, इनाचो र नागपोखरी अग्लो ठाउँमा पर्छ भनी छलफल गर्न लगाउने ।<br>❑ ती अग्लो वा होचो भू-सतह पनि एउटै वस्तुले बनेको नहुने, बरु कुनै ठूलठूलो ढुङ्गा, कुनै मलिलो माटो, कालो माटो, रातो माटो, बालुवा वा ग्रेगर चट्टानले बनेको हुने चर्चा गर्ने ।<br>❑ कुनै भू-सतह जङ्गलले ढाकेको हुने, कुनै झाडी वा बुट्यानले र कुनै घाँसले ढाकिएको घाँसे मैदान हुने चर्चा गर्ने । | - ख्वप देको भौगोलिक नक्सा<br>- ख्वप देको वरिपरिका डाँडा देखाई अग्लो र होँचो पहिचान गर्न लगाउने ।<br>- चाँगु डाँडा र सूर्यविनायक डाँडाको स्थलगत भ्रमण गराउने । | ३. 'ख्वप दे'मा कस्तो कस्तो माटो चट्टान र ढुङ्गा, कहाँ कहाँ पाइन्छ लेख्नुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **२. ख्वपको इतिहास** | १. नेपाल मण्डलको परिचय तथा भक्तपुर (ख्वपदे) यसको राजधानी भएको ऐतिहासिक जानकारी बताउन । | १. इतिहासमा सिङ्गो नेपाल (जसलाई नेपाल मण्डल पनि भनिन्थ्यो) को राजधानी ख्वप दे भएको चर्चा र जानकारी । | ❑ उपत्यकाको तीन सहरमा सानो ख्वप दे सबभन्दा सानो भएको चर्चा गर्ने ।<br>❑ उपत्यकाभन्दा पूर्व, पश्चिम र दक्षिण दिशामा फैलिएको नेपालको भूभागलाई नै नेपाल मण्डल भनिने ।<br>❑ प्राचीन कालदेखि नै दुई देश वा राज्य वा सङ्घहरूको बीचमा एकले अर्कालाई आक्रमण गर्ने परम्परा रहिआएको जानकारी गराउने । यस्तो आक्रमणहरूका विभिन्न कारणहरू भए पनि प्रमुख कारण सम्पत्ति वा भूमि हडप्ने नै हुन्थ्यो भनी छलफल गर्ने ।<br>❑ सिङ्गो नेपालमण्डल वा स्वनिगः पनि आर्थिक र सांस्कृतिक रूपले सम्पन्न भएको कारण यसभित्रका एक राज्यबाट अर्को राज्यमा आक्रमण र हमलाहरू भइ नै रहन्थ्यो भन्ने चर्चा गर्ने ।<br>❑ वि. सं १३३१ मा उपत्यकामा अनन्त मल्ल र जयभीमदेवको पालामा पश्चिम नेपालका खस राजा जितारी मल्लले तीन पटक हमला गरी लुटपाट र आगजनी गरी नोक्सान पु-याएको चर्चा गर्ने ।<br>❑ यही बेला सिम्रौनगढ राज्यका डोय सेनाले पनि ख्वप देमा दुई पटक हमला गरेका थिए भन्ने प्रसङ्गको चर्चा गर्ने ।<br>❑ जितारी मल्लका छोरा रिपु मल्ल पनि उपत्यकामा पसेको तर उनले लुटपाटभन्दा यहाँको सांस्कृतिक वैभवको रसास्वादन गरी गएको बारे छलफल गर्ने । दैलेखको काक्रेविहार नेपालमण्डलकै विहारको नक्कल गरी बनाइएको मान्यता रहेको विषयमा छलफल गर्ने । | – ख्वपको इतिहास सम्बन्धी लेखहरू<br><br>– नेपालको नक्सा | १. नेपालमण्डलमा बाह्य आक्रमणको बारेमा छलफल गर्नुहोस् ।<br><br>२. नेपालको नक्सामा नेपालमण्डल अङ्कित गर्नुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ त्यस्तै, उपत्यकामा राजनैतिक अस्थिरता भएकै बेला, उत्तर भारतबाट आएका समसुद्दीन (गयासुद्दिन) इलियासको नेतृत्वमा आएका मुसलमानहरूले विस १४०६ मंसिरमा ख्वप देसहित उपत्यकाका तीनै राज्यमा भीषण आक्रमण गरेर ठूलो लुटपाट, आगजनी र विध्वंससमेत मचाएको चर्चा गर्ने । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या**<br>(क) ख्वपमा पाइने थरहरू | ख्वपमा पाइने विभिन्न जातजातिका व्यवसाय, स्वभाव र शारीरिक बनौटका आधारमा बनेका थरहरूको सूची तयार पार्न । | ख्वपमा पाइने विभिन्न जातजातिहरू जस्तैः<br>❑ व्यवसायको आधारमा बनेका थरहरूः शिल्पकार, सिंबन्जार<br>❑ स्वभावका आधारमा बनेका थरहरू : देसेमरू, न्हिनेङायुमसः, न्हिसुतु<br>❑ शारीरिक बनौटका आधारमा बनेका थरहरूः ह्यौंमिखा, कवां, पेंतग्व | ❑ शिक्षकले कक्षामा हाजिरी लिँदा उद्देश्यमा उल्लिखित थरका विद्यार्थी रहेछन् कि भनी विद्यार्थीहरू स्वयंलाई सङ्कलन गर्न लगाउने ।<br>❑ विषयवस्तुमा उल्लिखित थरहरूका विद्यार्थीहरू कक्षामा भए आफ्नो साबिकका ठेगानाहरू बताउन लगाउने ।<br>❑ उल्लिखित थरका मानिसहरू ख्वपको कुन ठाउँमा बस्छन् होला भनी समूह-समूहमा छलफल गर्न लगाउने ।<br>❑ त्यस्ता थरहरू किन रहन गए ? उनीहरूको व्यवसायसँग सम्बन्धित गराएर छलफल गर्न लगाउने ।<br>❑ ती व्यवसायका मानिसको कार्यस्थलको स्थलगत भ्रमण गराउने ।<br>❑ शारीरिक बनावटका आधारमा बनेका थरहरू र स्वभावको आधारमा बनेका थरहरू विषयवस्तुमा उल्लेख भएजस्तै अन्य थरहरूको सूची लेखी त्यसका अर्थहरू बताउने । | ❑ फ्लास कार्ड<br>❑ सम्बन्धित पेशा व्यवसाय गर्ने थलोको चित्र<br>❑ चार्ट | १. पेशाको आधारमा तयार पारिएका तस्वीर देखाई उक्त पेशाको नाम, काम गर्ने मान्छेहरूको थर सोध्ने ।<br>२. मानिसको स्वभावको आधारमा बनेका कुनै ५ ओटा थरहरू लेख्नुहोस् । | ५ |
| ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | स्थानीय विशिष्ट व्यक्तित्वहरूको परिचय दिन | १) कमलवदन मल्ल<br>२) पशुपतिभक्त धौभडेल<br>३)लीलाभक्त मुनंकर्मी<br>४) रामशेखर नकर्मी<br>उहाँहरूबाट सिक्न सकिने महत्त्वपूर्ण कुराहरूको वर्णन | ❑ तपाईंहरूभन्दा धेरै पढेका, ज्ञानगुणका कुराहरू गर्ने, आमाबुबा आफन्तहरूले जस्तै माया गर्ने, नबुझेका, थाहा नभएकाहरूलाई सेवा गर्ने, राम्रो काम गरी देखाउने कोही व्यक्तिहरू समाजमा छन् कि छैनन् ? भनी सोधी छलफल गराई बताउन लगाउने ।<br>❑ कस्तो मानिस विशिष्ट हुन्छ ? उदाहरण दिई बताउने ।<br>❑ उहाँहरूले गरेका कार्यहरू, उहाँहरूले अँगाल्नुभएका विचार र व्यवहारले परिवार, समाज, सङ्घ-संस्थामा देखिएका सकारात्मक प्रेरणादायी कुराहरूबारे कक्षामा थप छलफल गर्ने वातावरण मिलाउने । त्यस्ता व्यक्तिहरू समाजमा किन आवश्यक छ भन्ने विषयमा निष्कर्ष निकाली बुँदागत रूपमा प्रस्तुत गर्न लगाउने । | विशिष्ट व्यक्तिहरूको तस्वीरहरू र उहाँहरूको छोटो चिनारी वा जीवनी | १. दिइएको तस्वीर हेरी उल्लिखित ख्वपका विशिष्ट व्यक्तिहरू चिन्नुहोस् र उनीहरूमध्ये दुई जनाको बारेमा १-१ अनुच्छेद लेख्नुहोस् । | ४ |

**कक्षा : ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ उहाँहरूको घर परिवार वा उहाँहरूसँग सम्बन्धित संस्था वा नजिकका व्यक्तिहरूसँग सम्पर्कमा गई आवश्यक जानकारी प्राप्त गर्ने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउने व्यवस्था गर्ने ।<br>❑ ख्वपका विशिष्ट व्यक्तिहरूबारे परिचय दिने<br>❑ ख्वपका विशिष्ट व्यक्तिहरूको फोटो देखाएर उहाँहरू विशिष्ट व्यक्ति हुनुको कारण बताउने ।<br>❑ सम्भव भए व्यक्तिसँग भेट्न जाने । | | | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ३, पृष्ठ ७४-८८**

## कक्षा : ४

<table>
<tr><th>क्षेत्र</th><th>सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य</th><th>विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु)</th><th>सम्भावित शिक्षण सिकाइ क्रियाकलाप</th><th>सम्भावित शैक्षिक सामग्रीहरू</th><th>सम्भावित मूल्याङ्कन प्रक्रिया</th><th>पाठ्यभार</th></tr>
<tr>
<td>३.<br>(ग) भाषिक विवरण</td>
<td>❑ ख्वपको रैथाने नेवार समुदायले व्यवहारमा बोलिने भाषा सूचीकृत गर्न ।</td>
<td>❑ ख्वपको तोकिएको स्थानमा नेपालभाषा/नेवारी भाषा बोल्ने परिवार सङ्ख्या सूचीकृत गर्ने ।<br>❑ नेवारी भाषाबाहेक अन्य भाषा (नेपाली आदि) मात्र बोल्ने भएमा तोकिएको स्थानमा विवरण प्रस्तुत गर्ने ।<br>❑ नेवारी, नेपाली र अन्य भाषा पनि बोल्नेहरूको स्थान तोकेर त्यहाँका परिवार सङ्ख्याको सूची बनाउने ।</td>
<td>❑ विद्यार्थीहरूलाई कक्षा बाहिर जाँदा कुन भाषा बोल्छौ, घरमा आमा–बुबा, दाजुभाइ, दिदीबहिनीसँग कुराकानी गर्दा नेवारी भाषा प्रयोग गर्छौ कि गर्दैनौ, आदि प्रश्नहरू सोध्ने र आएको विवरणलाई बोर्डमा टिप्दै जाने । उक्त विवरणलाई तालिकाको रूपमा उतार्न शिक्षकले सघाउने ।<br>❑ स्थानीय नेवारी भाषामा अन्य भाषाको प्रयोग र प्रभावबारे समूहगत छलफल गराउने र शिक्षकले निचोड निकाली सघाउने ।<br>❑ ख्वपमा आफू बसेको घर वरपरको वा तोकिएको स्थानको (टोलको) ५/५ वटा घरहरूमा गई त्यहाँ बोलिने भाषाहरूको विवरण तोकिएको ढाँचामा तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>भाषिक विवरणको ढाँचा<br>टोल :
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">घर नं.</th><th rowspan="2">घरमूलीको नाम</th><th colspan="3">बोलिने भाषाहरूको विवरण</th></tr>
<tr><th>नेवारी</th><th>नेपाली</th><th>अन्य</th></tr>
<tr><td>१.</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२.</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३.</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४.</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५.</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td>❑ सम्बन्धित ठाउँको मतदाता नामावली<br>❑ ख्वपका विभिन्न भाषाभाषी<br>❑ भाषिक समस्या झल्काउने चित्रात्मक चार्टहरू<br>❑ नेवारी र अन्य भाषा सिकाइमा बोलिने वाक्यांश र वाक्यहरू लेखिएका फ्लास कार्डहरू (Flash Card)</td>
<td>१. आफूले अध्ययन गरेका परिवारको भाषिक विवरण पेश गर्नुहोस् ।<br><br>२. तपाईंले घरमा एउटा र घरबाहिर स्कूल र अन्य कामकाजमा किन अर्कै भाषा प्रयोग गर्नुहुन्छ ? त्यसको कारण लेख्नुहोस् ।</td>
<td>४</td>
</tr>
</table>


| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४. स्थानीय बोलीचाली र लिपि**<br>(क) स्थानीय बोलीचाली र लिपि | १. स्थानीय रैथाने नेवारहरूले स्थानीय भाषाबाटै बोल्ने १० ओटा स्थानीय टोल र चोकहरूको नाउँ बताउन । | १. ख्वपका नाउँ चलेका विश्व सम्पदामा सूचीकृत ठाउँका पुराना नामहरू जस्तै : लाय्कू, तमाञ्हि, दत्तात्रय<br>२. जनबोलीमा उच्चारण गरिने अन्य स्थानीय टोल–ठाउँका नामहरू, जस्तै : सुजमाञ्हि, गोमाञ्हि, सुकुरका, तालाक्व, भौध्वाका, ल्योसिंख्य, किसिमन्ह्यों गल्ली, तञ्हाँ ब्यासी, दोक्छें, ताहामला, दुगुमला, स्वंमला, जालाँचा, आदि । | ❑ विभिन्न ठाउँ र चोकहरू उल्लेख गरेको ख्वप नगरको नक्सा विद्यार्थीहरूको सामु भित्तामा झुण्ड्याउने । यो हाम्रो विद्यालय रहेको ख्वप नगरको नक्सा हो । तपाईंहरू कहाँ कहाँ जानुभएको छ ? यही नगरका नगरवासी भए कुन ठाउँका हुनुहुन्छ ? पालैपालो नक्सा हेरी कुनै तीन ओटा ठाउँको नाम नदोहोरिने गरी बोर्डमा लेख्नुहोस् । | ❑ स्थानको नाम उल्लेख गरेको ख्वपको नक्सा<br>❑ उल्लिखित ठाउँहरूको तस्वीर र पोस्टरहरू | १. उल्लिखित ठाउँहरूको पुराना वा रैथाने भाषामा बोलिने नाउँ र हालको नाम सूची तयार गर्नुहोस् । | ५ |
| | २. स्थानीय ठाउँहरूबारे स्थानीय नेवारी भाषाबाटै छोटो छोटो वार्तालाप गर्न । | १. ख्वपका नाउँ चलेका स्थानहरूबारे रैथाने नेवारी भाषाबाट चिनारी | ❑ कक्षामा ती ठाउँहरू नक्सा हेर्दै प्रस्तुत गर्न लगाउने ।<br>❑ समूहमा बाँडेर उल्लिखित केही ठाउँहरूको स्थलगत भ्रमण गरी त्यहाँका सम्पदाहरूबारे रैथाने बोलीचालीकै भाषामा छोटो छोटो वार्तालाप गर्न आधारहरू तयार पार्न लगाउने ।<br>❑ स्थलगत भ्रमण, तस्वीर, भिडियो क्लिप्स बुँदा टिपोट आदिको आधारमा समूहगत रूपमा तयार पारेको विवरणलाई छोटो छोटो रैथाने नेवारी भाषाका शब्दहरू | ❑ वार्तालापका चित्रात्मक चार्टहरू<br>❑ वार्तालाप रेकर्ड गरेका भिडियो क्लिप्सहरू | २. तपाईं बस्ने ठाउँको बारेमा साथीसँग संवाद गर्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | प्रयोग गरी हाउभाउका साथ तल दिए जस्तै कुराकानी गर्न लगाउने ।<br>(नेम्हा मनू लाय्कुली नपा लात)<br>– आहा ! गुलि चकांगु थाय्, छु थायूँ थैं थ्व ? थय् बाँलागु चकांगु थाय् गना गना दः थैं ख्वप देसय् ?<br>– दः कः थाय् थासय्– तमाञ्हि, गोमाञ्हि, दत्तात्रय, सुजमाञ्हि ।<br>– थौं गल्ली, चुक्व तः नं चाहिले कः मज्युला ? नां जःगु थाय् तः नं म्हासिके दै ।<br>– ज्यू, भासँ नु । | ❑ सम्बन्धित ठाउँको फोटो, पोस्टर, चित्र, नक्सा, आदि । | | |
| ४.<br>(ख) प्रचलित लिपि र रञ्जना लिपि | नेपालभाषाको प्रचलित लिपि र रञ्जना लिपिको सामान्य परिचय बताउन | नेपाल भाषाको रञ्जना लिपि र प्रचलित लिपिका अक्षरहरूको आकारप्रकारको सामान्य परिचयको लागि दुवै लिपिका स्वर र व्यञ्जनका पाँच–पाँच ओटा अक्षरहरूको पठनपाठन र लेखन । | ❑ हामीले किताब, अखबार आदिमा पढ्ने अक्षर त सबैलाई थाहा छ । कसरी ती अक्षर लेख्ने भन्ने कुरा पनि सिकेकै हो । त्यो अक्षर लेख्ने कला नै लिपि हो भन्ने बुझ्नुपर्छ । यति भन्दै शिक्षकले देवनागरी लिपि, रञ्जना लिपि र प्रचलित लिपिका पहिलो पाँच–पाँच ओटा अक्षरसहितको चार्टलाई बोर्डमा झुण्ड्याउने । केही विद्यार्थीलाई पालै पालो बोलाएर तीनै थरी लिपिहरू कतिको पढ्न आउँछ पढ्न लगाउने, लेख्न लगाउने । | ❑ तीनवटै लिपिका स्वर–व्यञ्जनका केही अक्षरहरूको चार्ट<br>❑ ती लिपि लेख्ने तरिका जनाउने चित्रात्मक चार्ट, फ्लास कार्ड, भिडियो क्लिप्स<br>❑ ती लिपि प्रयोग गरेको शिलालेख, ताम्रपात्र, माने, घण्टा आदिका तस्वीरहरू । | १. रञ्जना लिपि र प्रचलित लिपिका पाँच पाँच ओटा स्वर र व्यञ्जन लेख्नुहोस् । | ५ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग १ र भाग २**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|

रञ्जना लिपिका स्वर वर्ण





रञ्जना लिपिका व्यञ्जन वर्णका मात्राहरु






| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|

प्रचलित लिपिका स्वर वर्ण



प्रचलित लिपिका व्यञ्जन वर्णका मात्राहरु



व्यञ्जन वर्ण CONSONANT



| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **५. व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा** | १. सहयोगात्मक भावना र व्यक्तिगत कार्यहरू प्रदर्शन गर्न । | १. सहयोगात्मक भावना<br>२. व्यक्तिगत कार्यहरू तथा सरसफाइ | – सहयोगात्मक भावनाबारेमा नाटक विधिबाट प्रस्तुति गरी विद्यार्थीहरूलाई स्पष्ट गर्ने ।<br>– शिक्षक, बुबा, आमाप्रति आदर, भूल भएमा क्षमा, आफ्नो कक्षाकोठाको सरसफाइ, घरायसी सामान्य सरसफाइ, आफूले गर्न हुने र नहुने कार्यहरूबारे स्पष्ट जानकारी गराउने ।<br>– आफ्नो काम सकेसम्म आफै गराउने वातावरण तयार गरी प्रोत्साहन गर्ने । | चित्रसहितको शब्दपत्तीहरू | अभिनय गरेर देखाउन लगाउने । | ४ |
| | २. नैतिक आचरण प्रस्तुत गर्न । | १. नैतिक आचरण | – विभिन्न स्थानमा जाँदा त्यहाँका नियमहरू पालन गर्नुपर्ने, एकआपसमा सहयोगी भावना हुनुपर्ने, बोलीवचनजस्ता विषयमा सकेसम्म अभिनय गरेर देखाई स्पष्ट बताइदिने ।<br>– साथीहरूसँग सम्बन्धबारे बताउँदै एक आपसमा झैझगडा गर्न नहुने, केही गल्ती भएमा माफी माग्ने तथा शिक्षकलाई जानकारी गराउनेजस्तो सकेसम्म अभिनय गरेर देखाउने ।<br>– बुलिङ (दादागिरी) बारे जानकारी गराई त्यस्तै कसैले गरेको भए गर्न नहुने त्यसो गरेमा हुने बेफाइदाको जानकारी गराउने । | विभिन्न स्थानमा जाँदा पालन गर्नुपर्ने नियमहरुको प्लेकार्ड | अभिनय गरेर देखाउन लगाउने । | ४ |
| | ३. घरायसी सामान्य जोखिम व्यवस्थापन गर्न । | १. घरायसी जोखिम | – जोखिमबारेमा स्पष्ट बताउँदै, बाटोमा हिँड्दा ट्राफिक नियमको पालना, घरमा रहँदा बिजुलीको सतर्कता, ग्यास चुल्होको उचित प्रयोग, सलाइ लाइटरको उचित प्रयोग नभएमा हुने आगलागीबारेमा जानकारी तथा प्रयोगात्मक रूपमा देखाउने । | ट्राफिक चिह्नहरु – विभिन्न घरायसी जोखिमका फोटाहरु | ट्राफिक नियमको र चिह्नहरुको बारेमा बताउनुहोस् । | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ४. वातावरणीय प्रदूषणबारे छोटो वर्णन गर्न । | ५. वातावरण प्रदूषण | – वातावरणबारेमा जानकारी दिँदै त्यसको प्रदूषण के हो र कसरी हुन्छ सचित्र देखाउने ।<br>– वातावरण प्रदूषण हुन नदिन गर्नुपर्ने सामान्य कार्यक्रमहरूको सूची बनाउन लगाउने ।<br>– वातावरण प्रदूषण हुने विषयको नाराहरूको प्लेकार्ड बनाई प्रदर्शन गर्न लगाउने । | – वातावरण प्रदूषणका चित्रहरु प्लेकार्डहरु । | वातावरण प्रदूषणका कारणहरु उल्लेख गर्नुहोस् । | ४ |

<table>
<tr><th>क्षेत्र</th><th>सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य</th><th>विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु)</th><th>सम्भावित शिक्षण सिकाइ क्रियाकलाप</th><th>सम्भावित शैक्षिक सामग्रीहरू</th><th>सम्भावित मूल्याङ्कन प्रक्रिया</th><th>पाठ्यभार</th></tr>
<tr>
<td>६. स्थानीय विविध संस्कृति :<br>(क) माँबौया ख्वा स्वय्गु (आमाबाबुको मुख हेर्ने)</td>
<td>१. आफ्ना आमाबाबुको राम्रा गुणहरु बताउन ।</td>
<td>(क) गर्भावस्थादेखि आफ्नो खुट्टाले टेक्न नसकेसम्म आमाबाबुले गर्ने हेरचाह</td>
<td>१. तपाईँहरू आमाको गर्भमा रहेदेखि अहिलेको उमेरसम्ममा आमाबाबुले के के हेरचाह गरेर हुर्काए ?<br>- विद्यार्थीहरूको उत्तर बोर्डमा लेख्दै जानुहोस् । आएको उत्तरमा निम्नलिखित बुँदाहरू थपी आमाबाबुको गुणलाई सम्झाइदिनुहोस् ।
<table>
<tr><td>आमाको गुण</td><td>बुबाको गुण</td></tr>
<tr><td>१. पहिलो खाना – आमाको दुध</td><td>१. अक्षर चिनाउने – बुबा</td></tr>
<tr><td>२. पहिलो फोहर फालेको – आमाको काखमा</td><td>२. विद्यालय भर्ना गर्ने – बुबा</td></tr>
<tr><td>३. पहिलो शिक्षक – आमाबुबा</td><td>३. आवश्यक विद्यालय शैक्षिक सामग्रीको रकम व्यहोर्ने – बुबा</td></tr>
<tr><td>४. पहिलो साथी – आमाबुबा</td><td>४. घरको शिष्टता, नैतिकता संस्कार सिकाइदिने – बुबा</td></tr>
<tr><td colspan="2">५. पहिलो स्कुल – घर</td></tr>
<tr><td colspan="2">६. पहिलो डाक्टर – आमाबुबा</td></tr>
<tr><td colspan="2">७. पहिलो संस्कृतिको गुरु – आमाबुबा</td></tr>
</table>
यस्तै हुनुपर्छ भन्ने छैन । यो सामान्य नमुना मात्र हो ।<br>❑ परिवार र तपाईँले धेरै पैसा खर्च गरी भव्य पूजा गर्ने गरेका कुन देवीदेवताले तपाईँलाई आमाबुबाले गर्नुभएका जस्ता गुण गरेको पाउनुभएको छ ?<br>❑ एकछिन सोचेर भन्नुहोस् कुन देवीदेवताले तपाईँलाई के गुण गरिदिनुभएको छ ? एकछिन सोच्ने मौका दिनुहोस् र सबैको उत्तर सुनिसकेपछि यी भनाइबाट निष्कर्षमा पुग्नुहोस् : यो संसारमा जीवित देवीदेवता भनेकै आमाबाबु मात्र हुन् ।</td>
<td>आमाबाबुको मुख हेरिरहेको फोटो ।</td>
<td>१. आजभोलि आमाबाबुले के केमा सहयोग गर्नुहुन्छ ? छोटकरीमा लेख्नुहोस् ।</td>
<td>४</td>
</tr>
</table>

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | यसैले धर्मशास्त्रमा उल्लेख गरिएको छ : "मातृ देवो भवः, पितृ देवो भवः", यसैले आमाबाबुलाई गर्ने पूजा भनेकै माया गरी छोराछोरीले पालै पालो सधैँ हेरचाह गर्नु हो । | | | |
| | २. आमाबाबुको मुख हेर्ने तिथि र हेर्ने चलन बताउन | (क) फरक समुदाय अनुसार मुख हेर्ने चलन पनि फरक फरक हुन्छ । | १. बोर्डमा प्रश्न लेख्नुहोस् "आमाबाबुको मुख हेर्ने तिथि र कसरी मुख हेर्ने चलन छ ?" विद्यार्थीहरूको उत्तर सुनिसकेपछि यस भनाइबाट स्पष्ट पारिदिनुहोस् । "आमाको मुख हेर्ने दिन वैशाख कृष्ण औँसीको दिन हो भने बाबुको मुख हेर्ने दिन भाद्र कृष्ण औँसीको दिन हो । हाम्रो संस्कारजन्य चलनअनुसार छोराछोरीले मुख हेर्दा अण्डा, दहीको सगुनसहित मिठाइ फलफूल र कुनै कुनै समुदायले भोज ख्वाउने व्यवस्था गरिएको हुन्छ । आजभोलि आधुनिकपन मिसाई मुख हेर्ने गर्दा हर्लिक्स, विस्कुट, कनफ्लेक, लुगाफाटो आदि दिने, केक काट्ने चलन पनि बढ्दै छ ।<br>❑ आमाबाबु नहुनेले गोकर्णमा र मातातीर्थमा आमाबाबुको नामबाट श्राद्ध गर्ने चलन छ । यही नै आमाबाबुको गुण स्मरण गरी गरिएको एक किसिमको पूजा हो । | | २. आमाबाबुको मुख हेर्नुपर्ने कारण दिनुहोस् । | २ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

# कक्षा : ४

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६.<br>(ख) स्वन्ति नखः (तिहार) | १. आफ्नै किसिमको मौलिक पहिचान बोकेको तिहार मनाउने तिथिमिति र पशुपन्छीलाई समेत पूजा गरी मनाउने कुरा बताउन । | (क) पाँच दिन मनाउने तिहारमा मौलिक संस्कार 'म्ह पूजा' ले पहिचान दिन्छ । | १. तिहारमा कुन दिन क–कसको पूजा गरी मनाउनुहुन्छ ? विद्यार्थीहरूको उत्तर बोर्डमा लेख्दै जानुहोस् । शिक्षकले आफ्नो उत्तर यसरी राखिदिनुहोस् : "तिहारको सुरुआत कार्तिक कृष्ण कौलागा त्रयोदशीबाट सुरु भई कार्तिक शुक्ल कछलाथ्व द्वितियासम्म पाँच दिन काग, कुकुर, गाई, लक्ष्मी र मानिसलाई पूजा गरी मनाइन्छ । कागतिहारदेखि भाइटीकासम्म यमराज मर्त्यमण्डलमा बहिनीको घरमा पाँच दिनसम्म बसाइको कारण उहाँको सम्मान स्वरूप तिहारलाई यमपञ्चक पनि भनिन्छ ।" | तिहार सम्बन्धी चित्र वा तस्बिरहरू | १. तिहार कहिले मनाइन्छ ? | ६ |
| | २. काग, कुकुर, गाई र लक्ष्मीलाई पूजा गर्नुपर्ने कारण वर्णन गर्न । | (क) कागमा पाइने गुण :<br>❑ खबर ल्याउने ।<br>❑ निरन्तर काममा लागिपर्ने ।<br>❑ राम्रो वा नराम्रो घटनाको सङ्केत दिने । | १. कक्षाकार्य : कागमा पाइने कुनै एउटा गुण सबैले आफ्नो कापीमा लेख्न दिनुहोस् । लेखेको हेरिसकेपछि यी धारणा राखिदिनुहोस् : "तिहारको पहिलो दिन कागका विभिन्न गुणका कारण पूजा गर्ने गरिन्छ । कागलाई विभिन्न खबरको सङ्केत दिने हुँदा "सन्देशवाहक" मानिन्छ र कागमा कुनै पनि काम पूरा नभएसम्म लागिपर्ने गुण छ जसलाई "कागचेष्टा" भनिन्छ जुन मानिसले सिक्नु आवश्यक छ ।" | | २. कागचेष्टा गुण किन मानिसलाई पनि आवश्यक छ ? लेख्नुहोस् । | |
| | | (ख) कुकुरमा पाइने गुण :<br>❑ सुरक्षा गार्ड ।<br>❑ पछि हुन सक्ने घटनाको पूर्व सङ्केत ।<br>❑ बुढाबुढीलाई सहयोग गर्ने । | २. दुई जना विद्यार्थीहरूसँग नाम बोलाएरै सोध्नुहोस् कुकुरमा पाइने एउटा एउटा गुण भन्नुहोस् । उत्तर सुनिसकेपछि कुकुरका यी गुणहरू सम्झाइदिनुहोस् : "कुकुर इमानदार सुरक्षागार्ड हो, विभिन्न घटनाको पूर्वसङ्केत गर्ने जनावर, भैरवको वाहन र यमराजको दूतको रूपमा पनि कुकुरलाई मानिन्छ ।" यी गुणहरूका कारण कुकुरलाई पूजा गरिन्छ । | | ३. कुकुरमा पाइने कुनै दुई वटा गुणहरू भन्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | (ग) गौमाता भन्नुको कारण<br>❏ दूध पाइने ।<br>❏ गोबर र पिसाब लिपपोत र पवित्रताको लागि ।<br>❏ छालाबाट विभिन्न सामान बनाउन मिल्ने । | ३. बोर्डमा प्रश्न लेख्नुहोस् : "गाईलाई गौमाता किन भनिन्छ ? १० मिनेट समय दिएर लेख्न लगाउनुहोस् । त्यसलाई कक्षामा सुनाउन लगाउनुहोस् । शिक्षकले आफ्नो भनाइ राखी कारण बताई दिनुहोस् : गाईले पोषिलो दूध दिन्छ, दूधबाट मानिसलाई काम लाग्ने दही, घिउ, मखन, मही, चीज बन्छ । त्यस्तै गाईको गोबर र गहुँत धार्मिक कार्यको लागि लिपपोत गर्न पवित्र पार्न र मल बनाउन सहयोग मिल्छ । यी नै उपयोगी गुणको कारण गौमाता भनी तिहारको तेस्रो दिन गाईलाई लक्ष्मी मानी पूजा गरिन्छ । धार्मिक मान्यतानुसार जनै पूर्णिमामा लगाएको रक्षासूत्र गाईपूजाकै दिन पुच्छरमा बाँधी परलोक सुधार्ने अन्धपरम्परा पनि सुनिन्छ ।" | | ३. गाईलाई गौमाता भन्नुको तीनवटा कारण लेख्नुहोस् । | |

## सहायक सामग्री : खपको पहिचान भाग ४

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | १. म्ह पूजाको विधि र कारणबारे बताउन । | | ४. अभिभावकसँग सोधेर लेखेर ल्याउने गृहकार्य दिनुहोस् : विषय : "म्हः पूजा" किन गर्ने र कसरी गरिन्छ ? <br> लेखेर ल्याएको गृहकार्यलाई कक्षामा सुनाउन लगाउनुहोस् । शिक्षकले नपुग थपथाप गरी अन्तरक्रियाको माध्यमबाट स्पष्ट पारिदिनुहोस् । केही छुट्न सक्ने बुँदाहरू शिक्षकले प्रस्तुत गरिदिनुहोस् । जस्तो कि : <br> (क) म्हः पूजाले नेवारहरूको मौलिक पहिचान बनाउन सफल भएको छ । <br> (ख) म्हःपूजा गर्नुको कारण सुस्वास्थ्यको कामना गर्नु हो । (Sound Health creates sound mind) <br> (ग) पञ्चतत्त्वको शरीरलाई बलियो र स्वस्थ बनाउन पाँचै तत्त्वहरूलाई बलियो बनाउने हिसाबले म्हःपूजामा दिने सगुनमा समावेश छन् भनी विद्वतवर्गबाट प्रमाणित भएका छन् । <br> उदाहरणको लागि उसिनेको अण्डालाई आकास तत्त्व मानेको छ, त्यस्तै बारा (मास वा मुगी) लाई वायुतत्त्व, मासु पृथ्वी तत्त्व, माछा जलतत्त्व हो भने रक्सीलाई तेज तत्त्व मानेको छ । <br> (घ) सही अर्थमा म्हः पूजा गर्ने भनेको म्हः पूजा गर्दा आफ्नो अगाडि बनाएको मण्डल (जुन पोताय्, अविरले भुईंमा आकृति बनाई आःख्ये (अक्षता), मास, कालो भटमास, धान, ताय् (लावा–भुटेको धान) आदि सबै मिलाएर राखी बनाइएको गोलो मण्डल त्यसमा बत्ती बाली त्यस मण्डल नै हाम्रो म्हः (शरीर) को प्रतीक मानी त्यसलाई पूजा गरी सगुन लिनुलाई म्हःपूजा भनिन्छ । | | | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | (ङ) राष्ट्रिय विभूति शङ्खधर साख्वाले गरिब नेपाली जनताको तिर्नुपर्ने सबै ऋण तिरी सबैलाई ऋणमुक्त गरी जनताले सञ्चालनमा ल्याएको "नेपाल सम्वत्"को नयाँ वर्षको सुरु पनि म्हः पूजाकै दिनबाट हुन्छ ।<br>(च) तिहारको पाँचौँ दिन भाइटीकाको दिन दिदीबहिनीले दाजुभाइलाई श्रद्धापूर्वक माया गरी सुस्वास्थ्य र सम्पन्नताको कामना गरी सगुन, माला, फलफूल, मिठाइसहित भोज ख्वाई भाइटीका गर्दछन् भने दाजुभाइले पनि दिदीबहिनीलाई आफ्नो गच्छेअनुसारको उपहारसहित टीको लगाई यस पर्व मनाइन्छ । | | ४. के म्हःपूजा गर्नु भनेको आफ्नो शरीरलाई अक्षताले पूजा गर्नेलाई भनिएको हो ? नभए के गर्नुलाई म्हःपूजा गर्ने भनिन्छ ? लेख्नुहोस् । | |

## सहायक सामग्री : ख्वपको पहिचान भाग ४

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७. प्रचलित स्थानीय संस्कार**<br>(क) माघे सङ्क्रान्ति | १. सङ्क्रान्तिको जानकारी र माघे सङ्क्रान्तिको विभिन्न नामहरू बताउन । | (क) सङ्क्रान्तिको अर्थ र माघे सङ्क्रान्ति विभिन्न नामहरू | १. तपाईँहरूमध्ये क-कसले घिउ, चाकु, तीलको लड्डु खानु भएको छ ? कहिले ?<br>❑ विद्यार्थीहरूको जवाफ पछि यी भनाइ राखी बुझाई दिनुहोस् : घिउ, चाकु, तीलको लड्डु र तरुल खाने विशेष दिनलाई 'माघे सङ्क्रान्ति' भनिन्छ । यसलाई नेपालभाषामा 'घिउ-चाकु सल्हु' वा 'हाम्व सल्हु' वा 'म्ह्याय मचा नखा' विभिन्न नामले चिनिन्छ ।<br>❑ ज्योतिषीय भाषामा – सूर्यलाई एक राशिबाट अर्को राशिमा प्रवेश गर्ने दिनलाई सङ्क्रान्ति भनिन्छ । सूर्य उत्तरायणमा प्रवेश गर्ने भएर माघ सङ्क्रान्तिलाई 'मकर सङ्क्रान्ति' पनि भनिन्छ। यसलाई तिलुवा सङ्क्रान्ति पनि भन्ने गरिन्छ । | फोटो | १. माघे सङ्क्रान्तिलाई किन मकर सङ्क्रान्ति' भनिन्छ ? | ४ |
| | २. माघे सङ्क्रान्ति मनाउँदा गरिने पूजाआजा, खानपिन र विशेष दान सम्बन्धी वर्णन गर्न । | (क) मरिसकेका पितृको नाममा दिने 'किभु' विशेष दान हो । | १. कक्षामा भएका विद्यार्थीहरूलाई तीन समूहमा विभाजन गरी तल लेखिएका क, ख, ग, बुँदाहरूमध्ये कुनै एकमा आफ्नो आफ्नो समूहमा छलफल गर्न लगाई प्रत्येक समूहको टोलीनेताबाट कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>(क) माघ सङ्क्रान्तिका दिन पूजा गर्ने देवीदेवताहरूको नाम र चढाउने पूजा सामग्रीको सूची तयार गर्न लगाउनुहोस् ।<br>(ख) माघे सङ्क्रान्तिका दिन खाने खाद्य सामग्रीको सूची तयार गर्न लगाउनुहोस् ।<br>(ग) त्यस दिन दान दिने चलन भए कसलाई के के सामग्रीहरू दान दिने चलन छ लेख्न लगाउनुहोस् ।<br>– त्यस दिन कुनै कुनै समुदायले आफ्नो पितृको नामबाट आफ्ना पुरोहितलाई "किभु" (सिदा) दान दिने चलन छ । | | २. कस्तो दानलाई 'किभु' दान भनिन्छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | उक्त किभुमा चामल, चिउरा, घिउ, चाकु, तरुल, पालुङ्गोको साग, दाल, बेसार, नुन र दक्षिणा राख्ने चलन छ ।<br>जानकारी गराउनुहोस् – माघ सङ्क्रान्तिकै दिन थथुवहि (जयकीर्ति विहार) मा सम्येक पञ्चदान दिने कार्यक्रम छ । | | | |
| | ३. माघे सङ्क्रान्ति पर्वमा खोलानदीको दोभानमा लाग्ने माघे स्नान मेलाको व्याख्या गर्न । | | १. माघे सङ्क्रान्तिमा को को कहाँ गएर नुहाउनुहुन्छ ?<br>– विद्यार्थीहरूको उत्तर सुनिसकेपछि – यी व्याख्या गरिदिनुहोस् : "तीर्थस्थल खोला र नदीको दोभानमा माघे स्नानको मेला लाग्छ । उदाहरणको लागि –<br>❑ उपत्यकाको वागमती र मनहराको सङ्गमस्थल शङ्खमूल, भक्तपुरको हनुमानघाट, त्रिशुली र कालीगण्डकी नदीको सङ्गमस्थल देवघाट । | | ३. भक्तपुरमा माघे स्नान कुन दोभानमा हुन्छ ? | |
| | ४. माघे सङ्क्रान्ति को महत्त्व बताउन । | | १. "माघे सङ्क्रान्तिले हामीलाई स्वस्थ रहन मद्दत गर्छ, कसरी ?<br>– विद्यार्थीहरूको विचार सुनिसकेपछि – यसरी सम्झाइदिनुहोस् : माघे सङ्क्रान्ति मनाउन नुहाई, सफा भई, सफा लुगा लगाई मास झानेको तेल जिउ, कपाल, कानमा लगाउँछौँ, पोषिलो खाना घिउ, चाकु, तीलको लड्डु, तरुल र त्यस दिन कुनै कुनै समुदायले मासको खिचडी, सिद्राको अचार र पालुङ्गोको तरकारी खाई मज्जाले घाम ताप्छन् जसको परिणाम निरोगी भै स्वस्थ रहन सहयोग मिल्छ । | | ४. माघे सङ्क्रान्तिमा खाने पौष्टिक खानाहरूको नाम लेख्नुहोस् । | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७.** (ख) गुफा राख्ने | १. स्थानीय परम्परा अनुसार गुफा राख्ने उमेर र गुफा राख्ने चलनको व्याख्या गर्न । | (क) गुफा राख्ने उमेर विजोर ७, ९, ११, १३ – रजस्वला हुनु अगाडि । | १. कक्षामा भएका केटीहरूसँग सोध्नुहोस् तपाईंलाई कति वर्ष हुँदा गुफा राखिएको थियो ?<br>❑ उत्तर सुनिसकेपछि स्थानीय समाजले बनाएको गुफा राख्ने चलन सुनाइदिनुहोस् : "केटीहरूलाई विजोर उमेर (७, ९, ११, १३ वर्षमा) पारेर साइत हेरी १२ दिनसम्म गुफा राख्ने चलन छ ।<br>❑ सामाजिक मान्यताअनुसार केटीहरू रजस्वला हुनु अगाडि नै गुफा राख्ने चलन छ । गुफा नराख्दै रजस्वला भएमा तुरुन्तै गुफा राख्ने चलन छ । | गुफा राख्दा प्रयोग हुने सामग्रीहरुको फोटोहरु । | १. गुफा राख्नु महिलाहरूको लागि अति आवश्यक प्रशिक्षण हो, किन ? | ३ |
| | २. केटीहरूलाई शीलस्वभाव, नैतिकता सम्बन्धी गुफा कोठामा प्रशिक्षण गर्ने कुरा वर्णन गर्न । | (क) केटीमा हुनुपर्ने नैतिक, अनुशासित गुणहरू शिक्षण गर्न । | १. गुफा बसिसकेका कक्षाका केटीहरूलाई केही समय स्मरण गर्ने मौका दिएर "गुफामा बस्दा सिकेका कुराहरू सूची बनाउन लगाई कक्षामा सुनाउन लगाउनुहोस् र आवश्यक बुँदामा अन्तरक्रियाद्वारा स्पष्ट अर्थ्याउनुहोस् ।<br>– निम्नलिखित भनाइ राख्नुभई गुफाकोठामा दिइने जीवनोपयोगी कुराहरूको निम्न बुँदाहरू नछुट्ने गरी वर्णन गर्नुहोस् :<br>(क) गुफा राख्नु भनेको केटीहरु शारीरिक रुपमा परिपक्व भएको सङ्केत र सतर्क रहन जानकारी दिनु हो ।<br>(ख) रजस्वला हुनु प्राकृतिक नियम भएकोले विनाडर, सरसफाइमा ध्यान दिई स्वस्थ जीवनयापनको ज्ञान दिनु ।<br>(ग) केटीहरूमा आमा बन्न सक्ने शारीरिक र मानसिक क्षमता हुने हुँदा सतर्क भई चरित्रवान बन्ने व्यावहारिक शिक्षा दिन ।<br>❑ यसैले गुफा राख्ने चलन सुरक्षित जीवनको विकासको लागि अति उपयोगी प्रशिक्षण दिने संस्कार हो । | फोटो | २. गुफा राख्ने के के कुरा सिकाइन्छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **८. स्थानीय कला र सम्पदाहरू**:<br>(क) स्थानीय मन्दिरहरू | १. स्थानीय मन्दिरहरू इनरे गणेद्यः (सूर्य विनायक), तिनिगः बाराहि (निलबाराही), ल्हासापाको ससुद्यो (महामन्जुश्री) र चाँगुनारायणको छोटो परिचय दिन । | ❑ इनरे गणेद्यः (सूर्य विनायक), तिनिगः बाराहि (निलबाराही), ल्हासापाको ससुद्यो (महामन्जुश्री) र चाँगुनारायण मन्दिरको चित्रसहितको परिचय | ❑ तपाईंहरू इनरे गणेद्यः (सूर्य विनायक), तिनिगः बाराहि (निलबाराही), ल्हासापाको ससुद्यो (महामन्जुश्री) र चाँगुनारायण जानुभएको छ ? भनी प्रश्न गर्ने ।<br>❑ इनरे गणेद्यः (सूर्य विनायक), तिनिगः बाराहि (निलबाराही), ल्हासापाको ससुद्यो(महामन्जुश्री) र चाँगुनारायण मन्दिरभित्र के-केको मूर्ति छ ? भनी प्रश्न गर्ने ।<br>❑ ती मन्दिरहरूबारे थिङ्क पियर सेयर विधि प्रयोग गरी छलफल अगाडि बढाउने ।<br>❑ इनरे गणेद्यः (सूर्य विनायक), तिनिगः बाराहि (निलबाराही), ल्हासापाको ससुद्यो(महामन्जुश्री) र चाँगुनारायण मन्दिरको छोटो परिचय दिने ।<br>❑ इनरे गणेद्यः लाई नेपाली भाषामा सूर्य विनायक भनिन्छ । यो मन्दिर काठमाडौँबाट पूर्व र भक्तपुर नगरबाट दक्षिण दिशामा अवस्थित छ । यो मन्दिर १७ औं शताब्दीमा बनेको बताइन्छ । मन्दिर परिसरमा आकर्षक फल्चा, भजनस्थल, गणेशको बहान मूसाको स्तम्भ, ढुंगेधारा र अनेकौं देवीदेवताका मूर्ति पनि छन् ।<br>❑ बूँदे अर्थात बोडेमा अवस्थित तिनिगः बाराही मूल बस्तीबाट करिब २ कि.मी. डाँडाको बीचमा रहेको छ । तिनिगः बाराहीलाई नेपाली भाषमा नील बाराहि भनिन्छ । यो मन्दिर पचास हेक्टर क्षेत्रफलमा जङ्गल तथा थुम्काथुम्की सहित फैलिएको छ । मन्दिर कहिले बनेको भन्ने कुनै प्रमाण भेटिएको छैन । बलौटे डाँडा, जंगल र मनोरम नदि छेउ रहेको यो मन्दिर प्रवेश गर्दा मनमोहक दृश्यले जो कसैको पनि मन जित्छ । | चित्र तथा श्रव्यदृश्य ।<br><br>चित्रहरू | १. इनरे गणेद्यः (सूर्य विनायक), तिनिगः बाराहि (निलबाराही), ल्हासापाको ससुद्यो (महामन्जुश्री) र चाँगुनारायण मन्दिरको छोटो परिचय दिनुहोस् । | ६ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ ल्हासापाको ससुद्यो (महामन्जुश्री) भक्तपुर जिल्लाको पूर्व भेगको थाकलमाठमा अवस्थित छ। यस स्थानमा भोट (तिब्बत) बाट महमञ्जुश्री गुरु स्वयम्भूज्योति दर्शन गर्न आफ्ना दुई श्रीमती केशनी बरदा (सरस्वती) र उपकेशनी (मोक्षदा) का साथ श्रीपञ्चमीको अघिल्लो दिन आई रात बिताएको बौद्ध लोककथन छ । यहाँ विशेष गरी मंसिर शुक्ल पूर्णिमा (योमरी पुर्णिमा) पश्चात् आइतबार र बिहिबार गरी श्रीपञ्चमीका दिनसम्म मेला लाग्ने गर्दछ ।<br>❑ काठमाडौँ उपत्यकाका चार नारायण चाँगु, इचङ्गु, शेष र विसङ्खुमध्ये सर्वाधिक विशाल आकृतिको चर्चित चाँगुनारायण मन्दिर भक्तपुरबाट ६ कि.मि. उत्तरमा पर्दछ । १४ औं शताब्दीमा राजा मानदेवद्वारा निर्मित यो मन्दिर दुईतले मण्डप शैलीको छ । विश्व सम्पदामा सूचीकृत यो मन्दिरलाई नेपाल संवत् ६०८ मा अंशुवर्माले जीर्णोद्धार गरेका थिए । | | १. इनागा गणेशको छोटो परिचय दिनुहोस् ।<br><br>२. गय भिन्द्यो मन्दिरको चित्र कोर्नुहोस् । | |
| | २. ती मन्दिरहरूको चित्र कोर्न । | | ❑ इनरे गणेद्यः (सूर्यविनायक), तिनिगः बाराहि (निलबाराही), ल्हासापाको ससुद्यो (महामन्जुश्री) र चाँगुनारायण मन्दिरको चित्र तथा श्रव्य दृश्य देखाउने ।<br>❑ इनरे गणेद्यः (सूर्यविनायक), तिनिगः बाराहि (निलबाराही), ल्हासापाको ससुद्यो (महामन्जुश्री) र चाँगुनारायण मन्दिर अवस्थित क्षेत्र भ्रमण गराउने<br>❑ इनरे गणेद्यः (सूर्यविनायक), तिनिगः बाराही (निलबाराही), ल्हासापाको ससुद्यो (महामन्जुश्री) र चाँगुनारायण मन्दिरको चित्र कोर्न लगाउने ।<br>❑ ती चित्रहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | फोटो | १. इनरे गणेद्यः (सूर्यविनायक), तिनिगः बाराहि (निलबाराही), ल्हासापाको ससुद्यो (महामन्जुश्री) र चाँगुनारायण मन्दिरको चित्र कोर्नुहोस् । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८. (ख) लोप भैसकेका तथा लोप हुन लागेका स्थानीय नाचहरू | १. स्थानीय नाचहरूको नाम बताउन ।<br><br>२. स्थानीय नाचहरूको परिचय दिन । | - बुढानागा प्याखं,<br>- धुँ प्याखं,<br>- कपाय् फेनेगु प्याखं,<br>- थाज्या यनिगु प्याखं,<br>- किजापूजा प्याखं,<br>- कचिमचा वान्छोय् येंकेगु प्याखं<br>(यी नाचहरूको परिचय, कलाकार सङ्ख्या, भेषभूषा, नाच्ने पर्व र सांस्कृतिक महत्त्व) | ❑ विद्यार्थीले देखेका विभिन्न नाचहरूको नाम पालैपालो ब्रेनस्ट्रोमिङ गरी बताउन लगाउने ।<br>❑ विद्यार्थीले देखेका नाचहरूको नाम सेतोपाटीमा टिप्दै जाने ।<br>❑ बुढानागा प्याखं, हायँ प्याखं, कपाय् फेनेगु प्याखं, थाज्या यनिगु प्याखं, किजापूजा प्याखं, कचिमचा वान्छोय् येंकेगु प्याखं (नाच) हरूको क्लिप्सहरू भए देखाउने ।<br>❑ दृश्य देखाएर ती नाचहरूको नाम के हो ? भनी सोध्ने ।<br>❑ ती नाचहरूको परिचयसहित बयान गरिदिने जस्तै : नाचको नाम, कलाकार कति जना, बाजा बजाउने कति जना, कलाकारले लगाउने भेषशभूषा, हाउभाउ, नाच्ने पर्व, सांस्कृतिक महत्त्व आदि ।<br>जस्तै : बूढा नागा प्याखँलाई महाद्यः पार्वती प्याखं पनि भनिन्छ । यसमा महादेव पार्वतीको भूमिकालाई ताण्डव नृत्यको सुरतालमा प्रस्तुत गरिन्छ । हाल यो नाच लोप भइसकेको छ ।<br>❑ हायँ प्याखं, १२ वर्षको एक पल्ट प्रदर्शन गर्नुपर्ने खः प्याखंमा एक उपदृश्यका रूपमा देखाउने चलन देखिन्छ । जसमा हाँसको चालमा नाच्ने हिन्दी (मैथिली) भाषामा पनि संवाद बोलिने हाउभाउ गर्ने एक जना मात्र कलालारले प्रदर्शन गर्ने गर्दछ । हाल यो नाच लोप भइसकेको छ ।<br>❑ कपाय फेनिगु प्याखंमा ४ जना केटी र २ जना केटा कलाकार हुन्छन् । जसमा ४ जना केटीहरूले कपासबाट धागो काल्ने चर्खा गीत गाउँदै आफ्नो | भिडियो, मन्दिरको तस्वीरहरू<br><br>नाचहरूको क्लिप्सहरू, तस्वीरहरू वा लेख रचनाहरू<br><br>तस्वीरहरू | १. किजापूजा प्याखंको छोटो परिचय दिनुहोस् । | ७ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | दुःखसुखका कुरा सुनाएका हुन्छन् । २ जना केटाहरूले चाहिँ कपास चुट्ने काम गरिरहेका हुन्छन् । यो प्याखं पनि लोप भएर फेरि प्रदर्शनमा आएको छ ।<br>❑ थाज्या यनेगु प्याखंमा नेवार समाजमा प्रचलित (विशेषगरी ज्यापू समाजमा प्रचलित) घरेलु उद्योगको रूपमा कपडा बुनी कपडाको क्षेत्रमा आत्मनिर्भर रहेको कुराको स्पष्ट झलक मिल्छ । जसमा तानमा कपडा बुन्नका लागि धागो मिलाउने (थाज्या यनेगु) अभिनय गर्दै आफ्नो दुःखसुखका कुरा गीत मार्फत् प्रस्तुत गर्ने गरिन्छ । यो नाच पनि लोप भइसकेको छ ।<br>❑ किजापूजा प्याखंमा भाइटीका लगाउने ४ जना दिदी बहिनी र चारै जना तिनका दाजुभाइहरू बसी कार्तिक शुक्ल द्वितीयाका दिन मनाइने भाइपूजा पर्वको अभिनय गरिन्छ । जसको दायाँबायाँ यमदूतका रूपमा २ जना डरलाग्दा व्यक्तिले अभिनय गर्दछ । यस प्याखंमा आफ्नो भाइहरूलाई यमलोक नलग्नको लागि यमदूतसँग अनुनय विनय गरी नाच्ने गर्दछ । यो प्याखं पहिले लोप भए पनि पछि फेरी गाईजात्राको अवसरमा देखाउन थालेको पाइन्छ ।<br>❑ कचिमचा वान्छोय् यंकेगु प्याखं मल्लकालीन नाच होइन । रणबहादुर शाहले बिफर लागेको बच्चाहरूलाई देश निकाला गर्दा तिनका आमाबुबाहरूले आलाप विलाप गरी कुनै बच्चा पिठ्युँमा बोकी, हात समाई दुःखपूर्ण गीत गाउँदै तामाखुशी पारी पुग्नुपर्ने मार्मिक कुराको अभिनय यस नाचमा प्रस्तुत गर्ने चलन छ । हाल यो प्याखं पनि लोप भइसकेको छ ।<br>❑ सम्बन्धित पर्वमा नाचहरू अवलोकन गराउने । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.<br>(ग) स्थानीय बहा (विहार) | १. स्थानीय बहा (विहार)को परिचय दिन | - चतुर्ब्रह्म महाविहार,<br>- प्रशन्नशील महाविहार<br>(यी विहारहरूको सामान्य परिचय) | ❑ तपाइँहरू चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहार जानुभएको छ ? भनी प्रश्न गर्ने ।<br>❑ चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारभित्र के–केको मूर्ति छ ? भनी प्रश्न गर्ने ।<br>❑ भक्तपुर दरबार क्षेत्रको पूर्व तर्फ अवस्थित विहारलाई चतुर्ब्रम्ह महाबिहार भनिन्छ । यो बिहार राजा राय मल्लले ने.स. ६११ मा निर्माण गर्न लगाएको थियो । बिहारमा रहेको गंगाजमुनाको काठको मूर्तिले यो क्षेत्र हिन्दु र बौद्धको संयुक्त स्थलको रूपमा रहेको छ । विहारको बीचमा स्तुपा र ढुंगाको मण्डल रहेको छ । यस विहारको मुख्य देवताको रूपमा पद्मपाणी लोकेश्वर रहेको छ। यस विहारमा दिपंकर बुद्धको पनि दर्शन गर्न पाइन्छ ।<br>❑ भक्तपुर नगरको वडा नं. १० क्वाठण्डौ टोलमा अवस्थित प्रशन्नशील महाविहारलाई पशुपति महाविहार तथा पशु बाहाः पनि भनिन्छ । यस विहारमा प्रवज्या सम्बर (भिक्षु बनाउने) कार्य निरन्तर रूपमा गर्दै आएको छ । भक्तपुरमा अवस्थित पाँच दीपङ्करहरूमा मुख्य दीपङ्कर रहेको यस विहार १० औं शताब्दीमा स्थापना भएको थियो । यस विहारभित्र अजाजु द्यः (दीपंकर बुद्ध), महाँकाल, मञ्जुश्री, गणेश, शिवपार्वतीको मूर्ति पनि स्थापना गरिएको छ । दशैंको १५ दिन जिउँदो देवी कुमारी यसै स्थानमा रहेको कुमारी घरमा बस्दछ ।<br>❑ चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारको चित्र तथा श्रृव्य दृश्य देखाउने ।<br>❑ चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहार अवस्थित क्षेत्र भ्रमण गराउने ।<br>❑ चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारको चित्र कोर्न लगाउने ।<br>❑ ती चित्रहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | चित्र तथा श्रव्यदृश्य ।<br><br>लेखरचनाहरू । | १. चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारको चित्र कोर्नुहोस् ।<br><br>२. चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारको छोटो परिचय दिनुहोस् । | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| (घ) स्थानीय मस्जिद | १. जामे मस्जिद, हनुमानघाटको परिचय दिन । | – जामे मस्जिद, हनुमानघाट | ❑ प्रेडिक्सन फ्रम टम्स् विधि प्रयोग गरी भक्तपुरमा रहेको जामे मस्जिदबारे केही शब्द सेतोपाटीमा टिप्ने, विद्यार्थीहरूलाई वर्णन गर्न लगाउने ।<br>❑ विद्यार्थीहरूले वर्णन गर्न नसकेमा शिक्षकले निम्नलिखित बुँदाका आधारमा वर्णन गर्ने ।<br>❑ मुस्लिम भन्नाले इस्लाम धर्मको अनुयायी भन्ने बुझिन्छ । मुस्लिमहरू इस्लाम धर्मावलम्बी हो । मुस्लिमलाई मुसलमान पनि भन्ने गरिन्छ । जुन फारसी शब्द हो । अल्लाहले कुरानमा यस जातिको नाम मुस्लिम नै राखेका छन् । इस्लाम शब्दबाट मुस्लिम शब्द बनेको हो । इस्लामको अर्थ हुन्छ : आत्मसमर्पण र मुस्लिमको अर्थ हुन्छ : आत्मसमर्पण गर्ने व्यक्ति । मुस्लिमहरूको मन्दिर नै मस्जिद हो भनी बताउने ।<br>❑ सम्भव भए भक्तपुरको हनुमानघाटमा रहेको जामे मस्जिद भ्रमण गर्न लगाउने ।<br>❑ भक्तपुरको जामे मस्जिदको छोटो परिचय दिने । | फोटो<br>परिचय लेखेका लेखरचनाहरू | १. भक्तपुरको जामे मस्जिदको छोटो परिचय दिनुहोस् । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९. स्थानीय व्यवसाय, सीप र प्रविधि**<br>(क) व्यवसाय | १. स्थानीय व्यवसायहरूको परिचय दिन । | – थाङ्का बनाउने,<br>– तमो (तामा तथा काँसको कार्य),<br>– लोहंकमी (ढुङ्गाको कार्य)<br>– सीकमी (काष्ठ कार्य) ।<br>– डकमी (घर बनाउने) | ❑ शिक्षकले सर्वप्रथम तपाइहरूको घर वरपर के के पेशा अपनाइरहेका मानिसहरू छन् ? भनी प्रश्न गर्ने ।<br>❑ तपाईंहरूका बुबाहरू र तपाईंको नातागोतामा के के काम गर्ने मानिसहरू छन् ? भनी प्रश्न गर्ने ।<br>❑ उनीहरूको जवाफलाई क्रमशः सेतोपाटीमा टिप्दै जाने ।<br>❑ ती पेशाहरूमध्ये थाङ्का बनाउने, तामाको कार्य गर्ने, ढुङ्गाको कार्य गर्ने र काष्ठ कार्य गर्ने पेशाको छोटो परिचय दिने ।<br>❑ जस्तै : थाङ्का नेपालका तामाङ, शेर्पा तथा गुरुङ जातिहरू तथा तिब्बती परम्परागत चित्रकला हो । यो नेपाली हस्तकलाको विविध विधामध्ये एक मौलिक कला हो । यो चित्रकला नेवार जातिको परम्परागत चित्रकला पौभासँग मिल्दोजुल्दो हुन्छ ।<br>❑ सम्भव भए थाङ्का बनाउने, तामाको कार्य गर्ने, ढुङ्गाको कार्य गर्ने र काष्ठ कार्य गर्ने व्यक्तिहरूसँग वा काम गर्ने ठाउँमा लगेर ती व्यक्तिहरूसँग ती पेशाको बारेमा सोध्न लगाउने ।<br>❑ प्रत्येक विद्यार्थीलाई आफूले बुझेअनुसार ती पेशाहरूको बारे प्रतिवेदन तयार गर्न लगाउने ।<br>❑ उनीहरूको प्रतिवेदनहरू कक्षामा सबैले देख्ने ठाउँमा टाँस्ने । | वास्तविक साधन वा चित्र | १. लोहंकमी भनेको के हो ?<br><br>२. छलफल र अवलोकनका कुरालाई श्रेणीमापन गरी मूल्याङ्कन गर्ने | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९.**<br>(ख) बुनाइ | १. बुनाईको परिचय दिन ।<br><br>२. ऊन वा धागोबाट पंजा, मोजा, टोपी, रुमाल बुन्न । | ऊन तथा धागोबाट पञ्जा, मोजा, टोपी, रुमाल बुन्न । | ❑ बुनाइको सामान्य परिचय दिने ।<br>❑ शिक्षकले सर्वप्रथम बुनाइ कार्य गरेर प्रदर्शन गरेर देखाउने ।<br>❑ ऊनबाट निर्माण भएका वस्तुहरू जस्तै : पंजा, मोजा, टोपी, रुमाल आदि वस्तुहरूको अवलोकन गराई बुनाइ कार्य गर्न प्ररित गर्ने ।<br>❑ स्थानीय क्षेत्रमा हुने बुनाइ अवलोकन गराउने ।<br>❑ यस कार्यमा आवश्यक पर्ने वस्तुहरू जस्तैः ऊन, धागो, कुरुश, सियो आदि व्यवस्था गर्ने ।<br>❑ भिडियो क्लिप्स देखाउँदै सङ्कलित गरिएका वस्तुहरूबाट विभिन्न प्रकारका बुनाइ कार्य गराउने ।<br>❑ उनीहरूले बनाएका सामानहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | तस्वीरहरू, भिडियो क्लिप्स | अवलोकन गर्ने । | २ |
| (ग) बेमौसमी तथा सघन खेती | – बेमौसमी तथा सघन खेतीको परिचय दिन<br>– बेमौसमी तथा सघन खेतीका फाइदाहरू बताउन । | – बेमौसमी तथा सघन खेतीको परिचय<br>– बेमौसमी तथा सघन खेती गर्ने तरिकाहरू । | ❑ सापेक्षित आर्द्रता, तापक्रम, माटोको पी.एच. आदि बदलेर गरिने खेतीलाई बेमौसमी खेती भनिन्छ । बेर्ना उत्पादन र खेती प्लास्टिक टनेलभित्र गर्ने तरिकामा वृद्धि भइरहेको छ । यसको आकार आफ्नो जग्गाको क्षेत्रअनुसार गर्न सकिन्छ । मौसमी उत्पादनको तरकारी बजारमा नआएको समयमा बेमौसमीबाट उपलब्ध गराउन सके राम्रो मूल्य प्राप्त गर्न सकिन्छ । यसबाट बाऱ्है महिना तरकारीको उपलब्धता रहन्छ भनी शिक्षकले बेमौसमी खेतीको बारे परिचय दिने ।<br>❑ विद्यार्थीहरूलाई तपाईँहरूको खेतबारीमा बेमौसमी खेती गरेको छ भनी प्रश्न गर्ने । | बेमौसमी तथा सघन खेतीको लेख रचनाहरू<br><br>बेमौसमी तथा सघन खेतीका तस्विरहरू | १. बेमौसमी खेतीको परिचय दिनुहोस् । | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ परम्परागत खेतीको विकल्प व्यावसायिक खेती हो । प्रति एकाइ लागत र प्रतिफल दुवै बढी हुने कारणले यस खेतीलाई सघन खेती भनिन्छ । परम्परागत प्रणालीमा भन्दा सघन खेतीमा खेतलाई बाँझो (fallow) राख्ने समय निकै छोटो हुन्छ र उत्पादन निरन्तर भइरहन्छ । एक वर्षमा धेरै पटक बाली लिन सघन खेतीको प्रयोग गरिन्छ । भनी शिक्षले सघन खेतीको बारे परिचय दिने ।<br>❑ सघन खेतीको फाइदा तथा खेती गर्ने तरिकाबारे शिक्षकले उदाहरणसहित बताउने ।<br>❑ सम्भव भए बेमौसमी तथा सघन खेती गरेका ठाउँमा भ्रमण गराउने । | | | |
| **९.** (घ) खाद्य परिकार | १. लाखामारी, सयगुलीको परिचय दिन । | - लाखामारी तथा सयगुली | ❑ विद्यार्थीहरूलाई आ–आफ्नो घरमा खाने खाद्य परिकारहरू भन्न लगाउने ।<br>❑ लाखामारी र सयगुलीको परिचय दिने ।<br>❑ लाखामारी र सयगुली कसैले खानुभएको छ ? भनी सोध्ने ।<br>❑ यी खाद्य परिकारले हाम्रो शरीरलाई दिने फाइदाहरू यसको महत्त्वबारे बताउने ।<br>❑ जङ्क फुड (पत्रु खाना)ले गर्ने बेफाइदाहरू पनि बताउने । | चित्र तथा भिडियो क्लिप्स् | १. लाखामारीको परिचय दिनुहोस् । | १ |
| | २. नेपाली खाना (दाल, भात तरकारी अचार) बनाउन | दाल, भात, तरकारी र अचार बनाउन आवश्यक सामग्रीहरू | ❑ दाल, भात, तरकारी र अचार बनाउन आवश्यक सामग्रीहरूको सूची तयार गर्न लगाउने जस्तैः चामल, दाल, साग, आलु, गोलभेडा,पानी आदि ।<br>❑ यी परिकारहरू विद्यालयमा बनाएर देखाउने र खुवाउने । | आवश्यक सामग्रीहरु | २. दाल, भात, तरकारी र अचार बनाउनुहोस् । | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९.**<br>(ङ) सीप | १. भुतिमा (चङ्गा) बनाउन | (क) भुतिमा बनाउन आवश्यक सामग्रीहरू | ❑ तपाईंहरूमध्ये क-कसले भुतिमा उडाउनुभएको छ भनी शिक्षकले कक्षामा सबैलाई सोध्ने ।<br>❑ भुतिमाको रङ्ग, आकारप्रकार, उडाउने समय, उडाउँदा मनमा हुने तरङ्गहरू आदिको बारेमा शिक्षकले कक्षामा छलफल गर्ने ।<br>❑ भुतिमा बनाउन आवश्यक सामग्रीहरू कक्षामा ल्याई सबैको सामु भुतिमा बनाउने ।<br>❑ भुतिमा बनाउँदा विद्यार्थीहरूमध्ये कसलाई बनाउन आउँछ उसलाई बनाउन दिने । | भुतिमा (चङ्गा) | अवलोकन | २ |
| | २. कागजको फ्रेम बनाउन । | (क) कागजको फ्रेम बनाउन आवश्यक सामग्रीहरू | ❑ शिक्षकले कागजको फ्रेम बनाउने सामग्रीहरू कक्षामा ल्याई फ्रेम बनाउन सबै विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने ।<br>❑ फ्रेममा विभिन्न बुट्टाहरू भरी आकर्षक बनाउने ।<br>❑ विद्यार्थीहरूले बनाएको भुतिमा र फ्रेम सबैले देखिने ठाउँमा प्रदर्शन गर्ने । | कागजको फ्रेम | अवलोकन | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१०. स्थानीय उपचार विधि (प्रवर्द्धन विधि)** | १. परम्परागत स्थानीय औषधीको रूपमा प्रयोग हुने जडीबुटीको नाम बताउन । | (क) परम्परागत स्थानीय औषधीको रूपमा प्रयोग हुने जडीबुटीहरू जस्तै, मह, घ्यू, मेथी, हिङ, पिँडालु, सखर, दही, उखु, सुपारी आदि | ❑ घरमा स्थानीय औषधीको रूपमा प्रयोग हुने जडीबुटीहरू के के छन् विद्यार्थीबाट आएको नाम टिपी, त्यसमा छलफल गरी शिक्षकले थप नाम उल्लेख गरिदिने ।<br>❑ नामअनुसारको जडीबुटीहरू पहिचान गर्न लगाउने ।<br>❑ विद्यार्थीहरूलाई घरमा अभिभावकसँग थप परम्परागत स्थानीय औषधीको रूपमा प्रयोग हुने जडीबुटीहरू नाम सोधेर आउन भन्ने र कक्षामा प्रस्तुत गर्न लगाउने । | परम्परागत स्थानीय औषधीको रूपमा प्रयोग हुने वास्तविक जडीबुटीहरू वा जडीबुटीहरूको चित्र, | १. जडीबुटीहरूको फोटोको एल्बम बनाउनु होस् । | |
| | २. आयुर्वेदिक उपचार विधिबारे बताउन । | (क) आयुर्वेदिक उपचार विधिको जानकारी | ❑ विद्यार्थीहरूसँग विरामी हुँदा गरिने विभिन्न उपचार विधिहरू बारेमा छलफल गर्ने । जस्तै, आयुर्वेदिक उपचार विधि, प्राकृतिक उपचार विधि, होमियोप्याथिक, एलोप्याथिक, आदि ।<br>❑ हामी साधारण बिरामी हुँदा घरमा गरिने आयुर्वेदिक उपचार विधिहरूबारेमा विद्यार्थीसँग छलफल गर्ने । | | २. आयुर्वेदिक उपचार विधि भनेको के हो ? | |
| | ३. योगबारे छोटकरीमा बताउन । | (क) ध्यान र योगको आधारभूत ज्ञान | ❑ विद्यार्थीहरूलाई ध्यान र योगको आधारभूत परिचय दिने ।<br>❑ शिक्षकले विद्यार्थीहरूलाई १ मिनेट जतिको आफ्नो सास भित्र आएको र बाहिर गएको छोटो ध्यान गराउने र घरमा पनि गर्न भन्ने ।<br>❑ योगबारेमा सामान्य जानकारी गराउने ।<br>❑ सकिन्छ भने एउटा दुई वटा योगहरू गराउने । | आधारभूत योगका चित्रहरू | ३. योग भनेको के हो ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **११. स्थानीय खेल** | १. स्थानीय परम्परागत खेलहरू धकाचु–कुत्याचु खेल्न । | १. धकाचु–कुत्याचु | ❑ सर्वप्रथम विद्यार्थीहरूलाई स्थानीय पुराना खेलहरू बारेमा छलफल गर्ने ।<br>❑ धकाचु–कुत्याचु खेल खेलाउन आवश्यक तयारी गरी चउरमा लगि विद्यार्थीहरूलाई यसको नियमबारेमा जानकारी गराउने ।<br>❑ धकाचु–कुत्याचु खेल खेलाउन विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गर्ने ।<br>❑ प्रत्येक समूहबाट एक जना विद्यार्थीलाई एक आपसमा दुवैको पिठ्युँ जोड्न लगाई उल्टोबाट एक आपसको हात जोड्ने र एकले अर्कोलाई पिठ्युँमा उठाउन लगाउने ।<br>❑ यसरी एक आपसको पिठ्युँमा उठाउँदा धकाचु–कुत्याचु भन्दै निश्चित समय र गन्ती गर्दै खेलाउने ।<br>❑ विद्यार्थीहरूलाई नियमअनुसार पालैपालो खेल खेलाउने । | धकाचु–कुत्याचुको लागि कोठा बनाउन चून | खेल खेलाएर अवलोकन गर्ने | ३ |
| | २. हाय्लिया – माय्लिया खेल खेल्न । | २. हाय्लिया – माय्लिया | ❑ विद्यार्थी सङ्ख्याअनुसार टाइसेट बनाई समूह विभाजन गर्ने र खेल्ने समयको निर्धारण गरी पालै पालो हाय्लिया – माय्लिया खेल खेलाउने ।<br>❑ खेल खेलाउनुअघि खेल खेल्ने नियम राम्ररी बुझाउने ।<br>❑ खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने ।<br>❑ विद्यार्थीहरूले क–कसले राम्रो खेले नखेलेको रेकर्ड राख्ने ।<br>❑ घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने । | | अवलोकन | २ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१२. स्थानीय पर्यटन** | १. आफ्नो वरपर क्षेत्रका पर्यटकीय स्थानहरू भन्न । | १. आफ्नो क्षेत्र वरपर रहेको पर्यटकी स्थानहरू | ❑ विद्यार्थीहरूलाई सम्पदाबारेमा जानकारी गराई कस्तो क्षेत्रलाई सम्पदा भनिन्छ भनेर बताउने ।<br>❑ विद्यार्थीहरूलाई आफ्नो क्षेत्रको सम्पदाहरूको बारेमा सोधी अवस्थाबारेमा छलफल गर्न लगाउने ।<br>❑ सम्पदाहरू जीर्ण भएमा त्यसको जीर्णोद्धार गर्ने निकायहरूबारेमा जानकारी गराउने ।<br>❑ यस्ता सम्पदाको संवर्द्धन गर्नुपर्नाका कारणहरू छलफल गरी शिक्षकले निष्कर्ष निकालिदिने । | विभिन्न पर्यटकीय स्थानहरूका फोटोहरू<br>भिडियो क्लिप्स | १. आफ्नो क्षेत्रमा रहेका कुनै ३ वटा पर्यटकीय स्थानहरूको नाम लेख्नुहोस् । | २ |
| | २. पर्यटकहरूको आवश्यकता पहिचान गर्न । | १. पर्यटकहरूको आवश्यकता तथा यसका फाइदा र बेफाइदाहरू | ❑ हामीलाई पर्यटकहरूको आवश्यकता कुन कुन क्षेत्रमा रहेको छ ? छलफल गर्ने जस्तै : स्थानहरूको प्रचारप्रसार गर्न, रोजगारी सिर्जना गर्न, आर्थिक क्रियाकलाप सञ्चालन गर्न, व्यवसाय सञ्चालन गर्न, सरसफाइको लागि आदि । | स्थानीय रूपमा सञ्चालित पर्यटन सँग सम्बन्धित उद्योगहरूको फोटोहरू | २. हामीलाई पर्यटक किन आवश्यक छ ? | २ |
| | ३. पर्यटकहरूको फाइदा र बेफाइदाहरू बताउन । | | ❑ पर्यटकहरूबाट हामीलाई के के फाइदाहरू हुन्छ ? छलफछ गर्ने जस्तैः– आर्थिक, सामाजिक, सांस्कृतिक, सरसफाइ, आदि ।<br>❑ हामीलाई पर्यटकहरूबाट हुने बेफाइदाहरूबारेमा छलफल गरी त्यस्ता बेफाइदाहरू हटाउन के गर्नुपर्छ त्यसबारेमा विद्यार्थीहरूबिचमा छलफल गराउने ।<br>❑ सकिन्छ भने विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरी एउटा समूहलाइ पर्यटकको फाइदा र अर्को समूहलाई बेफाइदाबारेमा कक्षामा प्रस्तुत गर्न लगाउने । | पर्यटकहरूबाट हुने केही नकारात्मक प्रभावहरूको फोटोहरू वा भिडियो क्लिप्स चार्टहरू | ३. पर्यटकबाट हुने कुनै ३–३ वटा फाइदा र बेफाइदाहरू उल्लेख गर्नुहोस् । | २ |

स्थानीय पाठ्यक्रम – २०८२

## निरन्तर मूल्यांकन प्रणाली कक्षा – ४

## विद्यार्थी सिकाइ उपलब्धि मूल्यांकन अभिलेख पुस्तिका

१. आन्तरिक मूल्यांकन प्रक्रियाको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ स्तर सुधार गर्नु हो ।

२. प्रत्येक पाठको सिकाइ उपलब्धि प्राप्त गर्न विद्यार्थीहरुलाई पटक–पटक सिकाइ अवसर प्रदान गर्नुपर्दछ ।

३. सिकाइ उपलब्धि प्राप्तिको लागि कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, परीक्षाहरु जस्ता मूल्यांकनका साधनहरुको प्रयोग गर्न सकिनेछ ।

४. आन्तरिक मूल्यांकनको प्रमाणिक मूल्यांकन गर्न अवलोकन, रुजुसूची र कार्यसञ्चयिकालाई समावेश गर्नुपर्नेछ ।

५. कक्षा ४ र ५ को लागि आन्तरिक मूल्यांकन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी अन्तिम मूल्यांकन गर्नुपर्ने छ ।

६. आन्तरिक मूल्यांकनको सामान्य आधार निम्नानुसार हुनेछः

| क्र.सं. | मूल्यांकनका आधार | अंकभार |
|---|---|---|
| १. | कक्षा सहभागिता र सिकाइ सक्रियता | ४ |
| २. | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | २० |
| ३. | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य क्रियाकलाप | १६ |
| ४. | एकाइ परीक्षा वा अन्य परीक्षा | १० |
| | जम्मा | ५० |

वार्षिक परीक्षा निम्नानुसार हुनेछ :

विशिष्टिकरण तालिका

कक्षा : ४ पूर्णांक : ५०

विषय : स्थानीय पाठ्यक्रमसमय : २ घण्टा

| इकाइ | पाठ्यभार | ज्ञान (K) | बोध (U) | सीप (S) | उच्च दक्षता (HA) | जम्मा (Total) | टिप्पणी (Remarks) |
|---|---|---|---|---|---|---|---|
| १ | १० | १ X १ | १ X ३ | | | ४ | |
| २ | ५ | | १ X ३ | | | ३ | |
| ३ | १३ | १ X १ | | १ X ३ | | ४ | |
| ४ | १० | १ X १ | | | १ X ५ | ६ | |
| ५ | १६ | | १ X १ | १ X ३ | | ४ | |
| ६ | १५ | १ X १ | | | १ X ५ | ६ | |
| ७ | ७ | | १ X ३ | | | ३ | |
| ८ | १९ | | १ X १ | १ X ३ | १ X ५ | ९ | |
| ९ | १४ | | १ X १ | १ X ३ | | ४ | |
| १० | ८ | | १ X ३ | | | ३ | |
| ११ | ५ | १ X १ | | | | १ | |
| १२ | ६ | | १ X ३ | | | ३ | |
| जम्मा | १२८ | ५ | १८ | १२ | १५ | ५० | |

| प्रश्नको किसिम | प्रश्न संख्या | अंक |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ३ | ३ X ५ = १५ |
| छोटो उत्तर आउने प्रश्न | ९ | ९ X ३ = २७ |
| अति छोटो उत्तर आउने प्रश्न | ८ | ८ X १ = ८ |
| जम्मा | २० | ५० |


माघेसंक्रान्तिमा हनुमानघाटमा तीर्थालुहरु


माघेसंक्रान्तिमा खाइने खाद्यपरिकार



आमाको मुख हेर्नें पर्वमा टीका लगाइँदै



आमाको मुख हेर्नें पर्वमा सगुन थाप्दै